प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८४ | काठमाडौं | आइतबार, १५ कात्तिक २०८३ | Prabhab National Daily | Sunday, 01 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

प्रधानन्यायाधीश र न्यायाधीशविरुद्ध महाभियोगको तयारीमा रास्वपा

■ जेबी योञ्जन

काठमाडौं– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा र सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालविरुद्ध महाभियोगको प्रक्रिया अघि बढाउने तयारी गरेको छ। बिचौलिया इनम सापकोटासँग जोडिएका न्यायाधीशहरूको संवाद, प्रधानन्यायाधीश शर्माको नाममा रकम जम्मा भएको भनिएको विवरण र न्यायालयमाथि उठेका गम्भीर प्रश्नलाई आधार बनाएर रास्वपाले महाभियोगको बाटो रोज्न लागेको हो।

शनिबार बसेको रास्वपा सचिवालय बैठकमा न्यायालयभित्र देखिएका विवाद र प्रधानन्यायाधीश र न्यायाधीशमाथि उठेको प्रश्नबारे लामो छलफल भएको थियो। बैठकको धेरै समय न्यायाधीशहरूमाथि महाभियोग लगाउने तयारीमै खर्च भएको पार्टीका एक नेताले बताए।

यसअघि पनि रास्वपाभित्र न्यायाधीशलाई महाभियोगमार्फत हटाउने प्रक्रिया सुरु गर्नुपर्ने आवाज उठ्दै आएको थियो। पछिल्लो समय सार्वजनिक भएका ह्वाट्सएप संवाद, आर्थिक कारोबारसम्बन्धी विवरण र विभिन्न व्यक्तिको नाम जोडिएपछि त्यसलाई थप बल पुगेको सचिवालय सदस्य समीक्षा बास्कोटाले बताइन्।

बैठकले न्याय क्षेत्रमाथि उठेका प्रश्नको निरुपणका लागि संसदीय प्रक्रिया अघि बढाउन संसदीय दललाई निर्देशनसमेत दिएको छ। रास्वपाका प्रवक्ता जगदीश खरेलले संसद्मार्फत न्यायालयका विवाद सम्बोधन गर्नुपर्ने पार्टीको निष्कर्ष रहेको बताए।

यदि हामीले समग्र न्याय क्षेत्रकै पुनर्संरचना गर्ने हो भने अब यसका लागि संवैधानिक बाटो भनेको संसद् नै हो। संसद्मार्फत यसको प्रक्रिया अघि बढाइनुपर्छ। त्यो प्रक्रिया भनेको महाभियोगकै हो।

■ **जगदीश खरेल**
प्रवक्ता, रास्वपा

'यदि हामीले समग्र न्याय क्षेत्रकै पुनर्संरचना गर्ने हो भने अब यसका लागि संवैधानिक बाटो भनेको संसद् नै हो। संसद्मार्फत यसको प्रक्रिया अघि बढाइनुपर्छ,' उनले प्रभावसँग भने, 'त्यो प्रक्रिया भनेको महाभियोगकै हो। त्यसका लागि सचिवालय बैठकले संसदीय दललाई निर्देशन दिएको हो।'

उनका अनुसार महाभियोग प्रस्ताव दर्ता गर्ने, छानबिन गर्ने वा अन्य संसदीय प्रक्रिया अपनाउने भन्ने विषय भने संसदीय समितिले टुंगो लगाउने छ। 'महाभियोग जान्छ, छानबिनमात्रै हुन्छ वा के हुन्छ भन्ने विषय संसदीय समितिकै हो,' खरेलले भने, 'यो क्षेत्रको पनि पुनर्संरचना हुनुपर्छ भन्ने महसुस पार्टीले गरेको छ।' रास्वपाले यो विषयमा एक्लै अघि बढ्नुभन्दा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससँगसमेत छलफल गर्ने रणनीति बनाएको छ।

डा. मनोजकुमार शर्मा
प्रधानन्यायाधीश

हरिप्रसाद फुयाल
न्यायाधीश

⏭ क्रमशः पृष्ठ २ मा

कानुन व्यवसायीको जोड

महाभियोग होइन निष्पक्ष छानबिन

काठमाडौं (प्रस)– प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा र न्यायाधीश हरिप्रसाद फुयालमाथि महाभियोग लगाउन हतार गर्नुभन्दा पहिले निष्पक्ष छानबिन गर्नुपर्नेमा कानुनका जानकारहरूले सुझाव दिएका छन्।

उनीहरूले न्यायालयभित्रको भ्रष्टाचारको अनुसन्धान हुनुपर्नेमा जोड दिँदै त्यसकै आडमा सिंगो न्यायपालिकालाई कमजोर बनाउनेगरी महाभियोग लगाउने प्रयास गर्न नहुने बताएका हुन्।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले सार्वजनिक भएका विवरणले सिंगो न्यायपालिकाको आस्था, गरिमा र साखमा नकारात्मक असर पारेको भन्दै घटनालाई सामान्य रूपमा लिन नमिल्ने बताउँदै महाभियोगभन्दा पनि विशेष छानबिन समिति गठनको माग गरेका छन्। समितिमा विवादमा आएका व्यक्तिबाहेकका सर्वोच्च अदालतका न्यायाधीशको नेतृत्वमा नेपाल बारको प्रतिनिधित्व रहने गरी गठन गर्नुपर्ने बताए।

⏭ क्रमशः पृष्ठ २ मा

कांग्रेसले बोलायो आकस्मिक बैठक

काठमाडौं (प्रस)–नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीको आकस्मिक बैठक बोलाएका छन्। ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालय, बिपी स्मृति भवनमा आइतबार दिउँसो २ बजेका लागि बैठक आह्वान गरिएको हो।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले एक सूचना जारी गर्दै बैठकमा अनिवार्य उपस्थितिका लागि केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई अनुरोध गरेका छन्।

प्रधानन्यायाधीश मनोजकुमार शर्मा र न्यायाधीश हरिप्रसाद फुयालविरुद्ध महाभियोग अघि बढाउने रास्वपाले निर्णय गरेपछि सभापति थापाले बैठक बोलाएका हुन्।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

मलेसिया रोजगारीको विवाद सुल्झाउन प्रभावकारी कूटनीतिकै पर्खाइ

■ ममता थापा

काठमाडौं– मलेसियामा नेपाली श्रमिकको भर्ना प्रक्रिया प्रभावित भएको दुई महिना पुगिसक्दा पनि समस्या समाधान हुन सकेको छैन। मलेसियाले विदेशी श्रमिकको केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मार्फत नेपालका सीमित म्यानपावर कम्पनीलेमात्रै श्रमिक पठाउन पाउने व्यवस्था लागू गर्न खोजेपछि सुरु भएको विवाद अझै कायम छ। नेपाल सरकारले कूटनीतिक पहलमार्फत समस्या समाधान गर्ने बताउँदै आए पनि त्यसले हालसम्म निकास दिन सकेको छैन।

गत अगस्ट २१ मा एफडब्ल्युसिएमएसमा नेपालका २५ म्यानपावर कम्पनी मुख्य भर्ना एजेन्सीका रुपमा सूचीकृत भएका थिए। पछि ती कम्पनीअन्तर्गत १०-१० वटा गरी थप २५० वटा संस्थालाई सहायक एजेन्सीका रुपमा सूचीकृत गरियो। तिनै २७५ संस्थामार्फत मात्रै नेपाली श्रमिक भर्ना गर्ने व्यवस्थामा नेपालले असहमति जनाएको छ। इजाजतपत्र प्राप्त सबै म्यानपावर कम्पनीले समान अवसर पाउनुपर्ने नेपालको अडान छ।

यही विवादका कारण मलेसिया जाने नयाँ नेपाली श्रमिकको भर्ना प्रक्रिया प्रभावित भएको छ। श्रमविद् सोमप्रसाद लुईंटेल मलेसिया रोजगारी नेपाली श्रमिकका लागि महत्त्वपूर्ण भएकाले समस्या समाधानमा सरकारले प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने बताउँछन्। उनका अनुसार त्यहाँको रोजगारी लामो समय प्रभावित भए श्रमिकको आम्दानी, रोजगारीको अवसर र मुलुक भित्रिने विप्रेषणमासमेत असर पर्न सक्छ।

'मलेसिया सबैभन्दा बढी कामदार जाने गन्तव्य हो। मलेसियाले भर्खरै न्यूनतम पारिश्रमिक पनि बढाएको छ। यस्तो अवस्थामा रोजगारी बन्द हुँदा यसले दीर्घकालीन असर पर्छ,' लुईंटेलले भने, 'कामदारले काम नपाउनेदेखि पुनः श्रम स्वीकृतिमा पनि समस्या आउन सक्छ।'

उनका अनुसार मलेसियाका ठूला कम्पनीमा नेपालीहरू सुरक्षा गार्डका रुपमा काम गर्दै आएका छन्। नयाँ श्रमिकको भर्ना लामो समय रोकिए यसमा नेपालीको पहुँच र अवसरमासमेत असर पर्न सक्छ। लुईंटेलले मलेसियाको श्रमिक भर्ना प्रक्रियामा निजी क्षेत्रको प्रभावसमेत रहेकाले सरकारी तहमा गरिने पहलमात्रै पर्याप्त नहुन सक्ने बताए। त्यसैले नेपालले कूटनीतिक प्रयासलाई थप प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ।

'मलेसियामा श्रमिक भर्ना प्रक्रियामा त्यहाँको निजी क्षेत्र हावी भएको हुँदा कतिपय अवस्थामा सरकारकोमात्र कुरा लागू नभएको अवस्था छ। त्यसमा पनि नेपाल सरकारले डिप्लोमेटिक इनिसिएटिभलाई जोड दिन सकेको देखिँदैन,' उनले भने, 'समस्या समाधान नहुनुमा कूटनीतिक पहल नपुगेको र मलेसियाले पनि नेपालको चासोलाई पर्याप्त महत्त्व नदिएको दुवै कारण हुन सक्छ।'

मलेसिया सबैभन्दा बढी कामदार जाने गन्तव्य हो। मलेसियाले भर्खरै न्यूनतम पारिश्रमिक पनि बढाएको छ। यस्तो अवस्थामा रोजगारी बन्द हुँदा यसले दीर्घकालीन असर पर्छ। कामदारले काम नपाउनेदेखि पुनः श्रम स्वीकृतिमा पनि समस्या आउन सक्छ।

■ **सोमप्रसाद लुईंटेल**
श्रमविद्

नेपाल सरकारले यही नोभेम्बरभित्र संयुक्त कार्यदलको बैठक प्रस्ताव गरेको छ। तर मलेसियाले हालसम्म त्यसको जवाफ दिएको छैन।

⏭ क्रमशः पृष्ठ २ मा

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागू हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ।"

मासु मात्र हैन, स्वस्थ मासु खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

वर्षा रोकिएपछिको उपत्यका | वर्षा रोकिएपछि शनिबार मौसम खुलेसँगै घाम लागदा ड्रोन क्यामराबाट देखिएको काठमाडौं उपत्यकाको बस्ती र आसपासको दृश्य । तस्बिरः हरिराम भेटुवाल/रासस

खानेपानी तथा सरसफाइ अवस्थाको प्रतिवेदन सार्वजनिक

ललितपुर– राष्ट्रिय तथ्यांक कार्यालयले देशभरका ७५३ वटै स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) अवस्थाको विश्लेषण गरी तयार पारेको सूचकांकसहितको तथ्यांक प्रतिवेदन सार्वजनिक गरेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार ललितपुरमा आयोजना गरेको कार्यक्रममा नेपालमा खानेपानी तथा सरसफाइको अवस्था विषयक प्रतिवेदन सार्वजनिक गर्दै कार्यालयकी प्रमुख तथ्यांक अधिकारी लक्ष्मी बस्नेतले खानेपानी तथा सरसफाइका क्षेत्रमा प्राथमिकताका साथ गर्नुपर्ने विकास र पूर्वाधार निर्माणका काम सञ्चालनका लागि तथ्यांकले सहयोग पुऱ्याउने बताइन् ।

'प्रतिवेदनमा प्रदेशगत तथा ७५३ वटै स्थानीय तहको खानेपानी र सरसफाइको अवस्था तुलनात्मकरूपमा विश्लेषण गरी असमानता र सेवाबीचको अन्तर पहिचान गरिएको छ, ती अन्तर कम गर्न सम्बन्धित मन्त्रालय तथा निकायले नीति र योजना निर्माण गर्दा कमजोर अवस्था भएका क्षेत्रलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ । साथै, खानेपानीको उपलब्धतासँगै गुणस्तर र सुरक्षा सुनिश्चित गर्नु आवश्यक रहेको प्रतिवेदनमा औंल्याइएको छ,' उनले भनिन् ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव माधवप्रसाद अधिकारीले प्रतिवेदनले खानेपानी र सरसफाइको सुरक्षित पहुँचमा असमानता, कमजोर स्थानीय तहमा लगानी बढाउनुपर्ने देखाएको बताए । कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार घरपरिवारमा सुधारिएको खानेपानीको पहुँच र सुरक्षित व्यवस्थापनको अवस्था ६२.५ प्रतिशत रहेको भन्दै उनले पूर्वाधार विस्तार भए पनि सुरक्षित र दिगो खानेपानी सेवा सुनिश्चित हुन नसकेको विषय औंल्याइएको बताए । जनस्वास्थ्यका दृष्टिले हिमाल, पहाड र तराई तथा विभिन्न प्रदेशमा खानेपानी र सरसफाइको अवस्था फरक रहेको उल्लेख गर्दै आगामी विकास योजना निर्माणमा तथ्यांकलाई आधार बनाउनुपर्नेमा उनले जोड दिए । उनले ७५३ वटै स्थानीय तहमा खानेपानी तथा सरसफाइको पहुँच र सेवाको अवस्थामा असमानता देखिएकाले कमजोर सूचकांक भएका क्षेत्रमा प्राथमिकताका साथ लगानी बढाउनुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको धारणा राखे ।

राष्ट्रिय तथ्यांक कार्यालयका जनसंख्या शाखा निर्देशक विनोदशरण आचार्यका अनुसार राष्ट्रिय जनगणना २०२१ र नेपाल बहुक्षेत्रीय सर्वेक्षण २०२४/२५ का तथ्यांकका आधारमा स्थानीय तहगत सूचकांक तयार गरिएको हो । प्रतिवेदनमा भौगोलिक, आर्थिक, सामाजिक तथा जनसांख्यिक असमानताको विश्लेषण गर्दै खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था सुधार गर्नुपर्ने क्षेत्र तथा लगानीका प्राथमिकता पहिचान गरिएको छ ।

संयुक्त राष्ट्रसंघको सहरी विकाससम्बन्धी नेपालस्थित नियोगका कार्यक्रम प्रबन्धक प्रज्ञा प्रधानले पूर्वाधार, सेवा, वातावरण र अर्थतन्त्रलगायतका तथ्यांकलाई एकीकृत गरी विकास तथा सेवा प्रवाहसँग जोड्ने दोस्रो विषयगत प्रतिवेदन सार्वजनिक भएको बताए । जनगणनाका तथ्यांक स्थानीय तहले सहजै प्रयोग गर्न सक्ने गरी वैज्ञानिक तथा सूचकांकमा आधारित नवीन विधिबाट खानेपानी तथा सरसफाइसम्बन्धी तेस्रो प्रतिवेदन तयार गरिएको जानकारी गराउँदै उनले खानेपानी र सरसफाइ नागरिकको मौलिक हक तथा आधारभूत आवश्यकता भएकाले सेवाको विस्तारसँगै गुणस्तर, सुरक्षा र समान वितरण सुनिश्चित गर्न तथ्यांकको महत्वपूर्ण भूमिका रहने बताए । उनले योजना तर्जुमा र कार्यान्वयनका सन्दर्भमा प्राथमिकीकरण गर्नेगरी अगाडि बढ्न मार्गनिर्देश गर्ने खालको तथ्यांक तयार भएको धारणा राखे ।

कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले सीमित सर्वेक्षण तथा जनगणनाका तथ्यांकलाई वैज्ञानिक विधिबाट एकीकृत गरी स्थानीय तहसम्म तथ्यांक उपलब्ध गराउने उद्देश्यले यो अभ्यास गरिएको बताए । उनका अनुसार तयार तथ्यांकको विश्वसनीयता जाँच्न २० वटा स्थानीय तहमा स्थलगत प्रमाणीकरण गरिएको थियो ।

स्थलगत छलफलका क्रममा विशेषगरी तराई तथा मधेस क्षेत्रमा भूमिगत पानीको सतह घट्दै गएको विषय देखिएको उल्लेख गर्दै उनले स्थानीय तहको वास्तविक अवस्था र सुझावलाई प्रतिवेदनमा समेटिएको जानकारी दिए । *रासस*

नेपालका आठ हजार मिटरमाथिका थप ६ वटा हिमाललाई अन्तर्राष्ट्रिय मान्यता दिलाउन पहल

काठमाडौं (प्रस)– सरकारले विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको अन्तर्राष्ट्रिय सूचीमा नेपालका थप छ वटालाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाएको छ ।

विश्व पर्वतारोहण तथा आरोहण महासंघले शुक्रबार यहाँ आयोजना गरेको साधारणसभामा नेपालका थप छ वटा हिमाललाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाइएको जानकारी दिइएको हो । नेपालले राखेको उक्त प्रस्तावलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त भए विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या १४ बाट बढेर २० पुग्ने छ भने नेपालमामात्रै यस्ता हिमालको संख्या १४ पुग्ने छ ।

नेपालले छुट्टै हिमालका रूपमा अन्तर्राष्ट्रिय मान्यता दिलाउन प्रस्ताव गरेका हिमालमा यालुङ काङ (८,५०५ मिटर), कञ्चनजंघा दक्षिण (८,४७६ मिटर), कञ्चनजंघा मध्य (८,४७३ मिटर), ल्होत्से मध्य (८,४१० मिटर), ल्होत्से शार (८,४०० मिटर) र यालुङ काङ पश्चिम (८,०७७ मिटर) रहेका छन् । नेपालका यी हिमालले अन्तर्राष्ट्रिय मान्यता पाए नेपालको हिमाली पहिचान थप विस्तार हुनुका साथै विश्व पर्वतारोहणको नक्सामा नेपालको उपस्थिति अझ सुदृढ हुने बताइएको छ ।

उक्त कार्यले नयाँ पर्वतारोहण गन्तव्यको पहिचान, आरोहण गतिविधिको विस्तार र साहसिक पर्यटन प्रवर्द्धनमासमेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । नेपालले यसअघि सन् १९८२ र २०११ मा विश्व पर्वतारोहण तथा आरोहण महासंघको साधारणसभा आयोजना गरेको थियो । बिहीबार र शुक्रबार यहाँ आयोजित महासंघको साधारणसभामा विश्वका विभिन्न देशका पर्वतारोहण महासंघका प्रतिनिधि, विज्ञ तथा सरोकारवालाको सहभागिता थियो ।

काठमाडौंका अतिक्रमित ३०२ रोपनी जग्गा सरकारको नाममा

काठमाडौं (प्रस)– सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने क्रममा काठमाडौं महानगरपालिका-४, ५, ८, ९, १०, १२ र २९ को ३०२ रोपनी जग्गा नेपाल सरकारको नाममा ल्याइएको छ ।

रावल आयोगको प्रतिवेदनमा सरकारी तथा सार्वजनिक जग्गाका रूपमा औंल्याइएका जग्गा संरक्षण तथा सरकारको नाममा कायम गर्ने निर्णयअनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले काठमाडौं महानगरपालिकाका सातवटा वडाको ३०२ रोपनी जग्गाको सम्बन्धमा रावल आयोगको प्रतिवेदनअनुसारको क्षेत्रफल कट्टा गरी नेपाल सरकारको नाममा ल्याइएको हो ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिले प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख गरिएका कित्ताबाट अतिक्रमित भनिएको क्षेत्रफल एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा ल्याउने कार्य सुरु गरेको मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको हो ।

प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख नापी अधिकृत रमेश ज्ञवालीको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव, सम्बन्धित भूमि प्रशासन तथा नापी कार्यालयका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत तथा नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन् ।

रावल आयोगले २०५२ सालमा सरकारी तथा सार्वजनिक जग्गाको अवस्था अध्ययन गरी अतिक्रमित तथा व्यक्तिका नाममा दर्ता भएका सरकारी एवं सार्वजनिक जग्गा संरक्षण गर्न सुझावसहित प्रतिवेदन दिएको थियो । सोही प्रतिवेदनलाई मन्त्रालयले लामो समयपछि कार्यान्वयनमा ल्याउँदै सरकारी तथा सार्वजनिक जग्गा सरकारको नाममा ल्याउने कार्य सुरु गरेको हो । सरकारले रावल आयोगले औंल्याएको सम्पूर्ण जग्गा छानबिन गरी सरकारको नाममा ल्याउने कार्य सुरु गरिसकेको छ ।

पृष्ठ १ बाट क्रमशः

प्रधानन्यायाधीश...

पार्टी उच्च स्रोतका अनुसार सभापति रवि लामिछानेले कांग्रेस सभापति गगन थापासँग छलफल गरेर महाभियोग प्रक्रियाका लागि राजनीतिक सहमति जुटाउने पहल गर्ने समझदारी भएको छ । त्यसका लागि सभामुख, संसदीय समितिका सभापति, अन्य सांसद र राजनीतिक दलहरूसँग पनि छलफल गर्ने रास्वपाको तयारी छ ।

बैठकमा सहभागी एक नेताले न्यायालयमाथि गम्भीर प्रश्न उठिसकेको अवस्थामा नेतृत्वले जिम्मेवारीबाट पन्छिन नमिल्ने बताए । 'महाभियोग प्रक्रिया त अघि बढ्छ, बढ्छ । यसको संसदीय प्रक्रिया पनि विचार गर्छौं । सभामुख, संसदीय समितिका सभापति, अरू सांसद, पार्टीहरू सबैसँग कुरा गर्ने निर्णय भएको छ,' ती नेताले भने ।

बिहीबार नयाँ पत्रिका दैनिकले प्रधानन्यायाधीश शर्मा र न्यायाधीश फुयाल बिचौलिया इनम सापकोटासँग जोडिएको र त्यसलाई पुष्टि गर्नेगरी ह्वाट्सएपको संवाद सार्वजनिक गरेको थियो । इनम हाल प्रहरी हिरासतमा छन् । उनको मोबाइलबाट प्राप्त भएको भनिएको ह्वाट्सएप संवाद र आर्थिक कारोबारसम्बन्धी विवरण सार्वजनिक भएपछि प्रधानन्यायाधी शर्मा र न्यायाधीश फुयाल विवादित बनेका हुन् ।

उक्त संवादमा सापकोटाले सर्वोच्च अदालतमा विचाराधीन रोहित अग्रवालको बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदनको स्क्रिनसटसमेत पठाएको देखिन्छ । त्यसपछि उनले भनेका थिए, 'यसलाई रोक्नु है हजुर, यसमा प्रधानमन्त्रीको पनि चासो छ, खारेज नै गर्दिनु होला ।'

सापकोटाले गरेको फोन नउठेपछि न्यायाधीश फुयालले जवाफ फर्काएको विवरणमा उल्लेख छ । फुयालले 'मैले यो ढिलो देखेँ । उनलाई छाड्नुपर्ने आधारै रहेछ । हामीले उनलाई दुई करोड धरौटी मागेका छौं । गोल्छालाई एक करोड मागिएको रहेछ,' भन्दै सन्देश पठाएका थिए ।

त्यसपछि फुयालले भोलिपल्ट हिमालयन होटलमा भेट्ने प्रस्ताव गरेको र सापकोटाले त्यसलाई स्वीकार गरेको संवादमा देखिन्छ । उक्त मुद्दामा विशेष अदालतले साउन २८ गते गुप्तालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो । त्यसविरुद्ध परेको बन्दीप्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतका न्यायाधीश फुयाल र श्रीकान्त पौडेलको संयुक्त इजलासले भदौ १७ गते दुई करोड रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो ।

संवाद सार्वजनिक भएपछि सर्वोच्च अदालतका न्यायाधीशहरूले फुयाल र सापकोटाबीच कुराकानी भएको स्वीकार गरेका थिए । तर, आर्थिक लेनदेन भएको निष्कर्षमा पुग्न पर्याप्त प्रमाण नरहेको उनीहरूको भनाइ थियो । न्यायाधीश फुयाल र सापकोटाबीचको संवाद सार्वजनिक भएलगत्तै प्रधानन्यायाधीश शर्माको नाम जोडिएको अर्को आर्थिक विवरण सार्वजनिक भएको थियो, जहाँ रास्वपा सांसद तथा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विश्वराज पोखरेल र सशस्त्र प्रहरीका एआइजी वंशीधर दाहालको नाममासमेत रकम जम्मा भएको उल्लेख थियो ।

तीन महिनाको अवधिमा जनवरी, नोभेम्बर र डिसेम्बर गरी जम्मा एक लाख ९८ हजार ३३३ रुपैयाँ रकम उल्लेख गरिएको विवरण सार्वजनिक भएको हो । उक्त रकम अमेरिकामा रहेका सापकोटाका आफन्त निराजन पाण्डेको नाममा रहेको बैंक अफ अमेरिकाको खातामा जम्मा गर्न भनिएको सन्देशसमेत सार्वजनिक भएको छ ।

नेपालमै रकम जम्मा गर्नुपर्ने भए सापकोटाकी श्रीमती कविता पाण्डेको सानिमा बैंकको खातामा जम्मा गर्न सकिने विकल्पसमेत दिइएको विवरणमा उल्लेख छ । उक्त सन्देशमा नेपाल प्रहरीको अपराध अनुसन्धान विभागको डिजिटल फरेन्सिक ल्याबको सरकारी छापसमेत रहेको देखिन्छ । तर सार्वजनिक विवरणमा उल्लेख भएको रकम वास्तवमै सम्बन्धित व्यक्तिहरूले प्राप्त गरेको वा उनीहरूको संलग्नतामा आर्थिक कारोबार भएको पुष्टि भइसकेको छैन । त्यसबारे आधिकारिक अनुसन्धानबाट तथ्य स्थापित हुन बाँकी छ । प्रधानन्यायाधीश शर्मा र न्यायाधीश फुयालले आरोपलाई अस्वीकार गरेका छन् ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको घटनापछि न्यायालयभित्रका विभिन्न विवाद सार्वजनिक भइरहेका छन् । त्यसैक्रममा सापकोटा पक्राउ परेपछि उनको मोबाइलबाट प्राप्त भनिएका विवरणले न्यायालयको नेतृत्वमाथिसमेत प्रश्न उठाएको छ ।

यही पृष्ठभूमिमा रास्वपाले न्यायालयको पुनर्संरचनासहित संसदीय प्रक्रिया अघि बढाउने निर्णय गरेको हो । प्रधानन्यायाधीश र न्यायाधीशमाथि उठेका प्रश्नको संसदीय निरुपण गर्ने भन्दै अघि बढेको रास्वपाको कदम अब महाभियोगसम्म पुग्ने संकेत देखिएको छ । यद्यपि महाभियोग प्रस्ताव कहिले र कुन प्रक्रियाबाट अघि बढ्छ भन्ने औपचारिक निर्णय सार्वजनिक भइसकेको छैन ।

■■■

महाभियोग होइन...

भट्टराईका अनुसार उक्त समितिले सार्वजनिक भएका घटना न्यायिक आचरणविपरीतको गतिविधिमामात्र सीमित छन् वा भ्रष्टाचार नै भएको अथवा त्यसको योजना बनेको थियो भन्ने विषय स्पष्ट पार्नुपर्छ । भ्रष्टाचार भएको वा त्यसको योजना बनेको निष्कर्ष आए मात्रै महाभियोगको कारबाहीका लागि प्रतिवेदन संसद्मा पठाउनुपर्ने उनको सुझाव छ । उनले भनेका छन्, 'यस्तो गम्भीर विषय सार्वजनिक भएपछि यसलाई केही होइन, बाध्यताले भएको वा केही दिनमा सामसुम भइहाल्छ भनेर बेवास्ता गर्ने वा ढाकछोप गर्ने काम क्षम्य हुन सक्दैन ।'

तर, सीमित व्यक्तिको गल्तीका कारण सिंगो न्यायपालिकालाई बदनाम गर्न नहुने उनको भनाइ छ । 'खराब न्यायाधीश, वकिल र कर्मचारीका गलत कार्यको जमेर विरोध गरौं तर त्यसको उद्देश्य स्वतन्त्र न्यायपालिकाको संवर्द्धन र संरक्षण नै हुनुपर्दछ,' भट्टराईले भने । वरिष्ठ अधिवक्ता तथा पूर्वमहान्यायाधिवक्ता युवराज संग्रौलाले पनि आरोप सार्वजनिक भएकै आधारमा महाभियोग लगाउने निष्कर्षमा पुग्न नहुने बताएका छन् । उनले नेपाल बारले सल्लाहकारहरूको बैठक राखेर यस विषयमा छलफल गर्नुपर्ने सुझाव दिएका छन् ।

'तथ्य खोज्नुहोस् र सत्य स्थापित गर्नुहोस्,' उनले भने, 'तर पक्ष र विपक्षमा फैसला दिन बन्द गरौं । महाभियोगमा नहतारौं ।' उनले न्यायिक स्वतन्त्रता र अदालतभित्र हुन सक्ने भ्रष्टाचारलाई अलग-अलग विषयका रूपमा हेर्नुपर्ने बताएका छन् । 'के न्यायाधीशहरू भ्रष्टाचारमा संलग्न छन् ? यो जाँच गरौं । के यो अदालत कमजोर बनाउने खेल हो ? जाँच गरौं,' उनले भने ।

संविधानविद् डा. विपिन अधिकारीले भने महाभियोगको विषयलाई राजनीतिक असन्तुष्टि पोख्ने वा न्यायाधीशलाई लामो समय निलम्बनमा राख्ने माध्यम बनाउन नहुने बताएका छन् । उनका अनुसार आरोप उठ्नेबित्तिकै महाभियोगतर्फ अघि बढ्नुभन्दा पहिले कानुनले व्यवस्था गरेको संस्थागत संयन्त्रबाट तथ्य स्पष्ट पार्नुपर्छ ।

अधिकारीले न्याय परिषद् ऐन, २०७३ को दफा १६ बमोजिम निष्पक्ष रूपमा तथ्य परीक्षण गर्नुपर्ने सुझाव दिएका छन् । सम्बन्धित न्यायाधीशलाई आफ्नो भनाइ र प्रमाण प्रस्तुत गर्ने अवसर दिएर प्राप्त निष्कर्षका आधारमामात्रै थप प्रक्रिया अघि बढाउनुपर्ने उनको धारणा छ ।

'न्यायाधीशलाई जवाफदेही बनाउनु आवश्यक छ । तर महाभियोगलाई राजनीतिक असन्तुष्टि पोख्ने वा निर्णय नगरी निलम्बनमा राख्ने साधन बन्न दिनु पनि उत्तिकै हानिकारक हुन्छ,' उनको भनाइ छ ।

उनले महाभियोगसम्बन्धी संवैधानिक अधिकारको प्रयोग सार्वजनिक दबाब वा अनुमानका आधारमा नभई पर्याप्त तथ्य, प्रमाण र स्पष्ट आधारमा हुनुपर्नेमा जोड दिएका छन् । यसरी न्यायालयको नेतृत्वमाथि उठेका गम्भीर प्रश्नको छानबिन र जवाफदेहिताको माग एकातिर छ भने अर्कोतिर महाभियोगको प्रक्रिया अघि बढाउनुअघि तथ्य र प्रमाण स्थापित गर्नुपर्ने मत पनि बलियो देखिएको छ ।

■■■

कांग्रेसले बोलायो...

रास्वपाले प्रमुख विपक्षी कांग्रेससँग एकमत बनाएर महाभियोग अघि बढाउने तयारी गर्दा बस्न लागेको बैठकलाई अर्थपूर्णरुपमा हेरिएको छ । यसबाहेक पत्रकार धरपकड गरेर वालेन्द्र सरकारले शाही शासनको झल्को दिएको अवस्थाबारे पनि बैठकमा छलफल हुने भएको पार्टी संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले बताए ।

■■■

मलेसिया रोजगारीको...

यसबीचमा मलेसियाको रोजगारीमामात्र निर्भर व्यवसायीहरू अन्य श्रम गन्तव्यसमेत खोज्न थालेका नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका महासचिव सुमनराज पाण्डेले बताए । यसका साथै मलेसियाको रोजगारी सबै व्यवसायीका लागि खुलाउन विभिन्न पक्षसँगको भेटघाट र संवादलाई निरन्तरता दिइएको उनले बताए । 'मलेसियामामात्र केन्द्रित हुनेभन्दा पनि अन्य गन्तव्य मुलुकमा पनि श्रमिक पठाउन खोजिरहेका छौं,' उनले भने ।

मलेसिया रोजगारीमा सबै इजाजत प्राप्त म्यानपावर कम्पनीको समान अवसर सुनिश्चित गर्न सरकारले कूटनीतिक पहललाई तीव्र बनाउनु आवश्यक रहेको व्यवसायीहरू बताउँछन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव हिराबहादुर डाँगीले सरकारको कूटनीतिक पहल र राज्यको कानुन पालना नगर्नेविरुद्ध कारबाही अघि बढाएकाले यो समस्या चाँडै समाधान हुने विश्वास व्यक्त गरे ।

'सूचीकृत संस्थाले सरकारसँगको प्रतिबद्धता व्यवहारमा नउतारेपछि उनीहरूमाथि कानुनी कारबाही अघि बढिसकेको छ,' डाँगीले भने, 'साथै सरकारले कूटनीतिक पहललाई जारी राखेकोले चाँडै यो विषय टुंगिनेमा विश्वस्त छौं । संघ निरन्तर यसकै फलोअपमा छ ।'

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१५ गते

यस कम्पनीको मिति २०८३/०४/१९ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सुखिपुर सव-मनि ट्रान्सफर प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लोबल ट्रेडर्स नेपाल प्रा.लि.(दर्ता नम्बर ७६६९३)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१५ गते

यस कम्पनीको मिति २०८३/०६/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **हंस कन्स्ट्रक्शन एण्ड सप्लार्यस प्रा.लि.**को नाम परिवर्तन गरी **हंस कन्स्ट्रक्शन प्रा.लि.(दर्ता नम्बर १७२४४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०८/१४ मा दर्ता कायम भएको **बक्लौरी पोलिक्लिनिक (प्रा.लि.नं. ३०२७३६)** २०७९/०८० लाई खारेजी लिक्वेटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१४ गतेको विशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्नु यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)
इजाजत पत्र नं.४०४, फोन नं. ९८५१२१७००४

हिमालयनलाइफ इन्सुरेन्स
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं.०१-४४४१४१४, ५९७००५७, पो.ब.नं.२५९७९

हकदाबी सम्बन्धी सूचना !

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमा लेखका बीमितहरूले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	Pli १३३०००२४३६	विजयकुमार राई	नेर्पा-६, खोटाङ
२.	Pli १३३०००२४३७	प्रियामार्सा राई	बेल्टार-२, उदयपुर

कोप-३१ मा सबै दलको सहभागिता गराउने सरकारको तयारी

काठमाडा (प्रस)- संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागिता सुनिश्चित गर्न सरकारले तयारी गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको चाहनाअनुसार जलवायु परिवर्तनका विषयमा साझा धारणा निर्माण गरी अन्तर ष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व प्रभावकारी बनाउन प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सत्तारुढ र प्रतिपक्षी दलका प्रतिनिधिलाई सहभागी गराउने तयारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

यसै विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार विभिन्न दलका प्रमुख सचेतक तथा प्रतिनिधिसँग छलफल भएको थियो । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको उपस्थितिमा भएको छलफलमा आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीएमा आयोजना हुने कोप-३१ मा नेपालको सहभागिता, सम्मेलनमा उठाउनुपर्ने प्राथमिकताका विषय र राष्ट्रिय हितका सवाललाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने विषयमा छलफल भएको थियो ।

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले हिमाली क्षेत्रको संरक्षण, जलवायुजन्य विपद्, जलवायु न्याय, ऊर्जा र जलवायु वित्तका विषयलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष उठाउनुपर्नेमा सरकारले जोड दिएको छ ।

ट्राफिक सचेतनामा 'डिजिटल प्लेटफर्म' प्रभावकारी

काठमाडौं- सडक दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियम पालनासम्बन्धी जनचेतना अभिवृद्धि गर्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले 'डिजिटल प्लेटफर्म' को प्रयोगलाई तीव्रता दिएको छ । कम खर्चमा छोटो समयमै धेरै नागरिकसम्म सूचना तथा सन्देश पुऱ्याउन सकिने भएपछि कार्यालयले सामाजिक सञ्जाललगायत डिजिटल माध्यमलाई सचेतना अभियानको प्रभावकारी माध्यमका रूपमा उपयोग गर्न थालेको हो ।

परम्परागतरूपमा भौतिक उपस्थितिमा सञ्चालन गरिने सचेतनामूलक कार्यक्रमभन्दा डिजिटल माध्यमबाट प्रवाह गरिने सूचनाको पहुँच व्यापक र प्रभावकारी हुने भएकाले यसको प्रयोगलाई प्राथमिकता दिइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। कार्यालयले विभिन्न सामाजिक सञ्जालमार्फत ट्राफिक नियम, सडक सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण, सुरक्षित यात्रा तथा सडक अनुशासनसम्बन्धी सचेतनामूलक सामग्री नियमितरूपमा सार्वजनिक गर्दै आएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले डिजिटल प्लेटफर्ममार्फत एकैपटक ठूलो संख्यामा नागरिकसम्म पुग्न सकिने भएकाले ट्राफिक सचेतना अभियान प्रभावकारी बन्दै गएको बताए ।

उनका अनुसार डिजिटल माध्यमबाट ट्राफिक नियमको जानकारी दिन, सडक प्रयोगकर्तालाई जिम्मेवार बनाउन तथा सम्भावित दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीबारे जानकारी गराउन सहज भएको छ । यसबाट सेवाग्राहीको प्रतिक्रिया पनि छिटो प्राप्त हुने र लक्षित समुदायसम्म सन्देश पुऱ्याउन सकिने उनको भनाइ छ। कार्यालयका अनुसार चालु आर्थिक वर्षको असारदेखि कात्तिक १२ गतेसम्म सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएका सचेतनामूलक सामग्रीबाट दुई करोड चार लाख १५ हजार ५७१ जनासम्म पहुँच पुगेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार असार महिनामा ६० लाख ७६ हजार ५८५ जना, साउनमा ३५ लाख ४१ हजार ११३ जना र भदौमा १३ लाख १४ हजार ८१२ जनासम्म सचेतनामूलक सामग्रीको पहुँच पुगेको थियो । त्यस्तै, असोज महिनामा ४५ लाख ५८ हजार ७०३ जना तथा कात्तिक १२ गतेसम्ममा एक लाख चार हजार ९३८ जनासम्म ती सामग्री पुगेका छन् ।

विशेषगरी सामाजिक सञ्जालमा सार्वजनिक गरिने श्रव्यदृश्य सामग्री, तस्बिर, सूचना तथा सन्देशले सर्वसाधारणलाई सहजरूपमा जानकारी लिन र आवश्यकताअनुसार अरूसम्म साझा गर्न सहयोग पुऱ्याएको प्रवक्ता सुवेदीले बताए । उनले डिजिटल माध्यमबाट सञ्चालित अभियानले ट्राफिक प्रहरीको सचेतना कार्यक्रमको पहुँच विस्तार गर्नुका साथै सडक सुरक्षासम्बन्धी सन्देश समुदायस्तरसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे । सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनसँगै नागरिकमा सचेतना अभिवृद्धि गर्नु पनि उत्तिकै आवश्यक मानिन्छ । तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउने, ट्राफिक संकेत उल्लंघन गर्ने, जथाभावी सडक पार गर्ने तथा लापरवाहीपूर्वक सवारी चलाउनेजस्ता गतिविधि सडक दुर्घटनाका प्रमुख जोखिमका रूपमा रहेका छन् । *रासस*

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np

Unaudited Financial Results (Quarterly)
As on First Quarter (2083/06/31) for F.Y. 2083/84

Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 31st Ashoj 2083
(Amount in NPR, Full Figure)

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending (Unaudited)	This Quarter Ending	Immediate Previous Year Ending (Unaudited)
Assets				
Cash and Cash Equivalent	365,476,825	395,026,869	365,476,825	395,026,869
Due from Nepal Rastra Bank	63,779,416	64,401,495	63,779,416	64,401,495
Placement with Banks and FIs	-	-	-	-
Derivative Financial Instruments	-	-	-	-
Other Trading Assets	-	-	-	-
Loans and Advances to Banks and FIs	-	-	-	-
Loans and Advances to Customers	165,112,186	153,741,530	165,112,186	153,741,530
Investment Securities	33,520,159	33,520,159	33,520,159	33,520,159
Current Tax Assets	11,346,962	11,345,250	11,346,962	11,345,250
Investment in Subsidiaries	-	-	-	-
Investment in Associates	-	-	-	-
Investment Property	47,524,087	36,132,137	47,524,087	36,132,137
Property and Equipment	25,891,082	25,133,965	25,891,082	25,133,965
Goodwill and Intangible Assets	3,987,982	3,987,982	3,987,982	3,987,982
Deferred Tax Assets	13,929,844	13,929,844	13,929,844	13,929,844
Other Assets	48,817,858	36,330,042	48,817,858	36,330,042
Total Assets	**779,386,402**	**773,549,274**	**779,386,402**	**773,549,274**
Liabilities				
Due to Banks and FIS	-	-	-	-
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative Financial Instruments	-	-	-	-
Deposit from Customers	576,971,736	580,393,938	576,971,736	580,393,938
Borrowings	-	-	-	-
Current Tax Liabilities	-	-	-	-
Provisions	-	-	-	-
Deferred Tax Liabilities	-	-	-	-
Other Liabilities	45,569,575	38,436,095	45,569,575	38,436,095
Debt Securities Issued	-	-	-	-
Subordinated Liabilities	-	-	-	-
Total Liabilities	**622,541,311**	**618,830,034**	**622,541,311**	**618,830,034**
Equity				
Share Capital	524,993,055	524,993,055	524,993,055	524,993,055
Share Premium	30,852,977	30,852,977	30,852,977	30,852,977
Retained Earnings	(520,214,253)	(522,340,105)	(520,214,253)	(522,340,105)
Reserves	121,213,313	121,213,313	121,213,313	121,213,313
Total Equity Attributable to Equity Holders	**156,845,092**	**154,719,240**	**156,845,092**	**154,719,240**
Non Controlling Interest	-			
Total Equity	**156,845,092**	**154,719,240**	**156,845,092**	**154,719,240**
Total Liabilities and Equity	**779,386,402**	**773,549,274**	**779,386,402**	**773,549,274**

Condensed Consolidated Statement of Profit and Loss
As on Quarter ended 31st Ashoj 2083
(Amount in NPR, Full Figure)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	6,491,464	6,491,464	5,043,515	5,043,515	6,491,464	6,491,464	5,043,515	5,043,515
Interest expense	7,157,849	7,157,849	6,273,669	6,273,669	7,157,849	7,157,849	6,273,669	6,273,669
Net interest income	**(666,385)**	**(666,385)**	**(1,230,154)**	**(1,230,154)**	**(666,385)**	**(666,385)**	**(1,230,154)**	**(1,230,154)**
Fee and commission income	365,426	365,426	109,259	109,259	365,426	365,426	109,259	109,259
Fee and commission expense	-	-	-	-	-	-	-	-
Net fee and commission income	**365,426**	**365,426**	**109,259**	**109,259**	**365,426**	**365,426**	**109,259**	**109,259**
Net interest, fee and commission income	**(300,959)**	**(300,959)**	**(1,120,895)**	**(1,120,895)**	**(300,959)**	**(300,959)**	**(1,120,895)**	**(1,120,895)**
Net trading income	(300,959)	(300,959)	-	-	(300,959)	(300,959)	-	-
Other operating income	76,090	76,090	2,215,422	2,215,422	76,090	76,090	2,215,422	2,215,422
Total operating income	**(224,869)**	**(224,869)**	**1,094,527**	**1,094,527**	**(224,869)**	**(224,869)**	**1,094,527**	**1,094,527**
Impairment charge/(reversal) for loans and other losses	(15,808,439)	(15,808,439)	(176,276)	(176,276)	(15,808,439)	(15,808,439)	(176,276)	(176,276)
Net operating income	**15,583,570**	**15,583,570**	**1,270,803**	**1,270,803**	**15,583,570**	**15,583,570**	**1,270,803**	**1,270,803**
Operating expense	-	-	-	-	-	-	-	-
Personnel expenses	6,319,476	6,319,476	5,434,324	5,434,324	6,319,476	6,319,476	5,434,324	5,434,324
Other operating expenses	5,257,402	5,257,402	4,044,890	4,044,890	5,257,402	5,257,402	4,044,890	4,044,890
Depreciation & Amortization	1,071,783	1,071,783	1,523,757	1,523,757	1,071,783	1,071,783	1,523,757	1,523,757
Operating Profit	**2,934,909**	**2,934,909**	**(9,732,168)**	**(9,732,168)**	**2,934,909**	**2,934,909**	**(9,732,168)**	**(9,732,168)**
Non operating income	61,700	61,700	-	-	61,700	61,700	-	-
Non operating expense	-	-	12,374,860	12,374,860	-	-	12,374,860	12,374,860
Profit before income tax	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**
Income tax expense	-	-	-	-	-	-	-	-
Current Tax	-	-	-	-			-	-
Deferred Tax				-			-	-
Profit for the period	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**

Condensed Consolidated Statement of Other comprehensive income
As on Quarter ended 31st Ashoj 2083
(Amount in NPR, Full Figure)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Profit or loss for the year	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**	**2,996,609**	**2,996,609**	**(22,107,028)**	**(22,107,028)**
Other comprehensive income a) Items that will not be reclassified to Profit or loss								
▪ Gains/(losses) from Investments in equity instruments measured at fair value	(662,572)	(662,572)	1,629,063	1,629,063	(662,572)	(662,572)	1,629,063	1,629,063
▪ Gains/(losses) on revaluation			-	-	-	-	-	-
▪ Actuarial gains/(losses) on defined benefit plans			-	-	-	-	-	-
▪ Income tax relating to above items	-	-	488,719	488,719	-	-	488,719	488,719
Net other comprehensive income that will not be reclassified to profit or loss	**(662,572)**	**(662,572)**	**2,117,782**	**2,117,782**	**(662,572)**	**(662,572)**	**2,117,782**	**2,117,782**
b) Items that are or may be reclassified to profit or loss								
▪ Gains/(losses) on cash flow hedge	-	-	-	-	-	-	-	-
▪ Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)	-	-	-	-	-	-	-	-
▪ Income tax relating to above items	-	-	-	-	-	-	-	-
▪ Reclassify to profit or loss	-	-	-	-	-	-	-	-
Net other comprehensive income that are or may be reclassified to profit or loss	-	-	-	-	-	-	-	-
c) Share of other comprehensive income of associate accounted as per equited method	-	-	-	-	-	-	-	-
Other comprehensive income for the period, net of income tax	**(662,572)**	**(662,572)**	**2,117,782**	**2,117,782**	**(662,572)**	**(662,572)**	**2,117,782**	**2,117,782**
Total comprehensive income for the period	**2,334,037**	**2,334,037**	**(19,989,246)**	**(19,989,246)**	**2,334,037**	**2,334,037**	**(19,989,246)**	**(19,989,246)**
Basic earning per share	0.66	0.66	(8.42)	(8.42)	0.66	0.66	(8.42)	(8.42)
Diluted earning per share	0.66	0.66	(8.42)	(8.42)	0.66	0.66	(8.42)	(8.42)
Profit attributable to:								
Equity holders of the Bank	2,334,037	2,334,037	(42,877,000)	(36,012,486)	2,334,037	2,334,037	(19,989,246)	(19,989,246)
Non-controlling interest								
Profit for the period	**2,334,037**	**2,334,037**	**(42,877,000)**	**(36,012,486)**	**2,334,037**	**2,334,037**	**(19,989,246)**	**(19,989,246)**

Statement of Distributable Profit or Loss
As on Quarter ended 31st Ashoj 2083
Amount in full figure

Particulars	Amount
Net Profit for the period end Ashoj, 2083	**2,996,609**
Net profit or (loss) as per statement of profit or loss	
Appropriations:	
a. General reserve	-
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	-
e. Employees' training fund	-
f. Other	-
Profit or (loss) before regulatory adjustment	**2,996,609**
Regulatory adjustment (if any)	-
Distributable profit or (loss)	**2,996,609**

Ratio as per NRB Directives First Quarter
As on Quarter ended 31st Ashoj 2083

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Capital Fund To RWA	30.61%	30.61%	10.35%	10.35%	30.61%	30.61%	10.35%	10.35%
Non Performing Loan (NPL) To Total Loan	49.01%	49.01%	57.04%	57.04%	49.01%	49.01%	57.04%	57.04%
Total Loan Loss provision To Total NPL	86.58%	86.58%	79.50%	79.50%	86.58%	86.58%	79.50%	79.50%
Total Loan Loss provision To Total Loan	42.43%	42.43%	45.35%	45.35%	42.43%	42.43%	45.35%	45.35%
Cost of Fund	4.85%	4.85%	7.93%	7.93%	4.85%	4.85%	7.93%	7.93%
Credit To Deposit Ratio	50.53%	50.53%	78.97%	78.97%	50.53%	50.53%	78.97%	78.97%
Base Rate	19.04%	19.04%	19.17%	19.17%	19.04%	19.04%	19.17%	19.17%
Interest Spread	1.40%	1.40%	4.48%	4.48%	1.40%	1.40%	4.48%	4.48%

Notes to NFRS Compliant Financial Statement

- The above financial statement has been prepared in accordance with Nepal Financial Reporting standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank.
- Recognition of Impairment Charges on Loans and Advances
  The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives No. 2.
  Following is the details of impairment under both methods:

Particulars	Amount
Total Impairment as per NRB	123,705,416.50
Total Impairment as per ECL	78,546,456.23

  The higher of two above, i.e. Rs 123,705,416.50 has been taken in account for impairment loss on loan and advances for the reporting period.
- Provision for gratuity and leave has been provided based on estimation by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per actuary report.
- The above figures are subject to change upon otherwise instruction from statutory auditors and/or regulatory authorities.
- Detailed Financial Report is uploaded in the website of the bank (www.ndbl.com.np).
- Previous period figures have been regrouped / rearranged/ restated wherever necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासीक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रतिशेयर आम्दानी : रु ०.६६	मूल्य आम्दानी अनुपात : रु १०५२.८५	प्रतिशेयर नेटवर्थ : रु ३४.६०
प्रतिशेयर कूल सम्पत्तिको मूल्य : रु २१७.७२	तरलता अनुपात : ७५.०९%	पुंजीकोष अनुपात : ३०.६१%

२. व्यवस्थापकीय विश्लेषण :

- समीक्षा अवधिमा देशको आर्थिक गतिबिधि तथा ब्यावसायिक कारेवारमा देखिएको मन्दी, ब्यवसायीक आत्मबिश्वासमा देखिएको कमी आदीका कारणले गुणत्मक रुपमा नयाँ कर्जा लगानी बृद्धी हुन सकेको छैन । यद्यपी क्रमशः गुणस्तरिय कर्जाहरु बृद्धी हुदै गएका छन ।
- आगामी दिनहरुमा बैंकले व्यवसायिक योजनाका साथ दिगो संस्थागत विकासको लागि विश्वसनीय रुपमा गुणस्तरिय बैंकिङ सेवा प्रदान गरी सरोकारवालाहरुको हित संरक्षण गर्दै जानेछ ।
- समिक्षा अवधिमा खराव कर्जाहरु अपेक्षित रुपमा घट्न नसकेतापनि क्रमिक रुपमा घट्दै गएका छन । बिभिन्न अराजक गतिविधि, धाकधम्की, अर्थतन्त्रमा आएको ब्यवसायिक सुस्तता, स्थानिय निकायहरुको समन्वयमा देखिएको असहजता लगाएतका कारणहरु बिद्यमान रहेतापनि असुली कार्यलाई प्रभावकारी रुपमा अघि बढाईएकोले आगामी दिनमा ब्यबहारिक एवम् कानुनी प्रक्रिया मार्फत खराव कर्जा क्रमिक रुपमा न्यूनिकरण गरिने लक्ष्य रहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

- यस बैंकको मोबाईल बैकिङ्ग प्रणालीको परिक्षणकालको समयमा ह्याकरले अनाधिकृत रुपमा रकमान्तर गरेको रकम कसुरदार बिरुद्धको बैकिङ्ग कसुर सम्बन्धी मुद्दा, यस बैंकका एक ऋणीले बैंक बिरुद्ध दर्ता गरेको धितो लिलाम बदर सम्बन्धी सर्वोच्च अदालतमा बिचाराधिन मुद्दा, बैंकको कर्जा नतिर्ने विभिन्न ऋणीहरु बिरुद्ध श्री ऋण असुली न्यायधिकरणमा बिचाराधिन मुद्दा र बैंकको संस्थापक/संचालकले बैंकको सण्ड्री डेर्ब्टस बाट हिनामिना गरेको रकम सम्बन्धी सर्वोच्च अदालतमा बिचाराधिन बैंकिङ कसुर सम्बन्धी मुद्दा रहेका छन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

- यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार भैरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हूँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । तर प्रचलित कानून अनूसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।
- यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

महिना	कारोबार संख्या	कारोबार रकम रु	कारोबार भएको कुल दिन	उच्च मुल्य	न्युन मुल्य	अन्तिम मुल्य
साउन	३,६५,११३.००	२९,५६,९९,२४९.८०	२१	८७५.००	७५०.५०	८११.००
भदौ	३,२४,२४७.००	२३,८६,४८,८७१.६०	२०	८५०.००	६७३.००	७४५.००
असोज	३,४०,४११.००	२५,०३,२६,८५६.९०	२०	८६५.००	६८१.००	६९५.९०

(source: www.nepalstock.com.np)

५. समस्या तथा चुनौतिहरू :

क) आन्तरिक समस्या एवं चुनौतिहरु

१. आम्दानीको अनुपातमा संचालन खर्चको बढी हुनुका कारण ब्याजदर अन्तर कम हुनु ।
२. कुल कर्जामा निष्क्रिय कर्जाको मात्रा बढी देखिएकाले सम्पत्तिको गुणस्तर एकैपटक सुधार हुन चुनौती रहेको ।
३. लगानीका नयाँ क्षेत्रहरुको पहिचान गरी ब्यावसाय बृद्धी गर्नुपर्ने चुनौती ।
४. ब्याज आम्दनीको अलावा अन्य आम्दानीको स्रोत कम हुनु ।
५. सिपयुक्त दक्ष कर्मचारीको अभावले प्रतिस्पर्धात्मक कारोवारमा चुनौती ।
६. संचालन जोखिम व्यवस्थापन खर्चिलो एवम् चुनौतीपूर्ण रहेको ।

ख) बाह्रय समस्या एवं चुनौतिहरु

१. वढ्दो प्रतिस्पर्धा, सुचना तथा प्रविधिको क्षेत्रमा देखिएका जोखिम तथा चुनौतीहरु ।
२. बजारमा ब्यावसायिक आत्मबिश्वास बृद्धी हुन नसक्नुले देखिएको ब्यावसायिक सुस्तता ।
३. अधिक तरलताले भविष्यमा सृजना गर्नसक्ने चुनौतीहरु ।
४. वित्तीय क्षेत्रमाथी हुने धाकधम्की, आक्रमण, अफवाह, दुष्प्रचार लगाएतका अराजक गतिबिधि ।
५. स्थानिय निकायहरु सँगको समन्वयमा देखिएको असहयोग एवम् असहजता लगाएतका चुनौतीहरु ।

६. रणनीति :

बैंकले माथि उल्लेखित आन्तरीक एवम् बाह्य चुनौतीहरुका बिषयमा सचेत भई सो बाट उत्पन्न हुन सक्ने जोखिमको बिषयमा अध्ययन गरी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, बिभिन्न समयमा जारी हुने परिपत्र, संस्थाको नीति, नियम तथा कार्यबिधिको अधिनमा रही आवश्यक रणनीति तर्जुमा गर्ने, न्युन लागत भएका दिगो निक्षेप लाई बढावा दिई ब्याजदरलाई सन्तुलित राख्न आवश्यक कदमहरु अवलम्वन गर्ने, संचालन खर्च न्युनीकरण गर्न तर्फ सचेत रहने, बैंकको व्यवसाय अभिबृद्धि तथा शाखा संजाल बढाउदै सिपयुक्त कर्मचारी भर्ना गर्ने, कार्यक्षमता वृद्धि गरी स्तरीय सेवा प्रदान गर्न तालिमहरु उपलब्ध गराउने तथा बैंक प्रति आबद्ध तथा प्रतिबद्ध राख्न यथोचित निति अवलवन गरेको छ ।

७. संस्थागत सुशासन :

बैंकले नेपाल राष्ट्र बैंकद्धारा जारी गरेको एकीकृत निर्देशनहरुको पालना गर्नका साथै लेखापरीक्षण समिति द्धारा संस्थागत सुशासन पालना भए नभएको सम्वन्धमा आवश्यक लेखाजोखा गर्ने गरिएको/साथै समय समयमा नेपाल राष्ट्र बैंकद्धारा हुने स्थलगत निरिक्षण, आन्तरीक तथा वाह्य लेखापरीक्षकको प्रतिवेदनको आधारमा संस्थागत सुशासनलाई सुदृढ वनाउन बैंक संचालक समिति प्रतिबद्ध रहेको छ ।

८. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

प्रेस स्वतन्त्रतामाथि राज्य आतंक

सञ्चारमाध्यम र पत्रकार लोकतन्त्रका पहरेदार हुन् । राज्यका जिम्मेवार अंगहरूमा हुने विकृति, विसंगठन, भ्रष्टाचार र बिचौलियाको सञ्जाललाई उजागर गरी नागरिकलाई सुसूचित गराउनु प्रेसको संवैधानिक अधिकार र नैतिक दायित्व हो । तर, हालै सर्वोच्च अदालत र उच्च प्रशासनिक निकायमा व्याप्त बिचौलिया प्रकरण (इनम सापकोटा नेक्सस) सम्बन्धी समाचार प्रकाशन गरेकै आधारमा राज्य संयन्त्र जसरी पत्रकारहरूमाथि जाइलागेको छ, त्यसले पञ्चायती वा शाही शासनकालको निरंकुश छायाँ सम्झाएको छ ।

शुक्रबार सादा पोसाकका प्रहरीहरू समाचारकक्षमै प्रवेश गरी सञ्चारकर्मीहरूलाई पक्राउ पुर्जीविना नियन्त्रणमा लिने, धम्क्याउने र समाचारको स्रोत खोल्न दबाब दिने कार्यमा उत्रिए । नेपाल प्रेसका विश्वमणि सुवेदी, मोटिभेट न्युजका शोभराज बराल र डिएनए खबरका धिरज बस्नेतलाई पक्राउ गरिनु तथा नयाँ पत्रिका र दियो पोस्टका समाचारकक्षमा छिरेर आतंक फैलाउनु स्वतन्त्र पत्रकारितामाथि राज्यले गरेको सोझो आक्रमण हो । नेपालको संविधानले स्पष्टरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र समाचारको स्रोतको गोपनीयताको रक्षा गरेको छ । समाचारप्रति कुनै गुनासो वा आपत्ति भए त्यसको निरूपण गर्ने कानुनी बाटो र प्रेस काउन्सिल नेपालजस्ता नियमनकारी निकाय विद्यमान छन् । यी प्रक्रियालाई लत्याएर प्रहरीको साइबर ब्युरोलाई हतियार बनाई पत्रकार पक्रन पठाउनु 'प्रहरी राज' निर्माण गर्ने सर्वसत्तावादी मनसायबाहेक केही हुन सक्दैन ।

चौतर्फी विरोध र जनआक्रोशपछि प्रधानमन्त्रीको निर्देशनमा पक्राउ परेका पत्रकारहरू रिहा त भए तर यसले उब्जाएका गम्भीर प्रश्नहरू अझै अनुत्तरित छन् । 'घटनाबारे थाहा थिएन' वा 'पूर्वजानकारी थिएन' भनेर सरकार र सत्तारुढ दल उम्कन पाउँदैनन् । यदि कार्यकारी प्रमुखलाई थाहै नदिई सादा पोसाकको प्रहरी न्युजरुममा छिरेर आतंक सिर्जना गर्छ भने राज्य संयन्त्र कसको इसारामा चलिरहेको छ ? कि सरकारले आफ्नै सुरक्षा संयन्त्रमाथिको नियन्त्रण गुमाइसकेको छ, वा कसैका काला कर्तुतहरू ढाकछोप गर्न प्रहरीलाई दुरुपयोग गरिएको हो ?

अदालतमा मुद्दाको सेटिङ गर्ने, राजनीतिज्ञ र सुरक्षा निकायका उच्च अधिकारीहरूसँग अवाञ्छित सम्बन्ध राख्ने बिचौलियामाथि निष्पक्ष छानबिन गरी कारबाही गर्नुको सट्टा, त्यस्ता तथ्य उजागर गर्ने सञ्चारकर्मीमाथि दमन चक्र चलाउनु अत्यन्तै निन्दनीय र घोर आपत्तिजनक छ । शक्ति पृथकीकरणको सिद्धान्तलाई लत्याउँदै राज्यका सबै अंगलाई त्रासमा राखेर नियन्त्रण गर्न खोज्ने यस्तो शैली फासीवादको प्रस्ट संकेत हो ।

प्रेस स्वतन्त्रतामाथिको प्रहार केवल सञ्चारकर्मीको समस्यामात्र होइन, यो सम्पूर्ण लोकतान्त्रिक मूल्य–मान्यता र नागरिक अधिकारमाथिको हमला हो । सरकारले पत्रकारलाई रिहा गरेरमात्र पुग्दैनह समाचारकक्षमा छापा मार्न आदेश दिने योजनाकारहरूमाथि निष्पक्ष छानबिन र कडा कारबाही हुनैपर्छ । प्रेसको घाँटी थिचेर भ्रष्टाचार र बिचौलियाको सञ्जाल लुकाउने दुष्प्रयास लोकतन्त्रमा कहिल्यै स्वीकार्य हुन सक्दैन । सरकारले संविधानप्रतिको निष्ठा र दायित्वलाई स्मरण गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गरोस् ।

नेपाल प्रहरी: रूपान्तरण र चुनौती

■ मनोहर कार्की

"संवैधानिक व्यवस्था र केही समयअघि कार्यान्वयनमा आएको संशोधित प्रहरी ऐनअनुसार नेपाल प्रहरी संघीय तथा प्रादेशिक प्रहरीको अवधारणामा अघि बढेको छ । मुलुकको संघीय शासन व्यवस्थाको कार्यान्वयनको दिशामा संघीय तथा प्रदेश प्रहरीको संरचनाअनुसार यो सुरक्षा निकाय रुपान्तरित हुने क्रममा रहेको सन्दर्भमा नेपाल प्रहरी संगठनका नवीनता र कार्यसम्पादन निखारताको अपेक्षा गर्न सकिन्छ ।"

'सत्य, सेवा, सुरक्षणम्'को आदर्श वाक्यलाई आत्मसात् गर्दै २१औं शताब्दीका सुरक्षाका मान्यता, चुनौती र आन्तरिक सुरक्षा तथा जनताको जिउधनको सुरक्षाको प्रत्याभूति नेपाल प्रहरीको प्राथमिक दायित्व हो । आमनागरिकले दरिलो शान्तिसुरक्षा र स्वतन्त्रताको अनुभूति गर्न सक्ने अभिसप्तता र चलायमान संगठनको पर्यायका रुपमा नेपाल प्रहरी संगठन उभिनुपर्छ । यस दिशामा गृह प्रशासनको आधारका रुपमा नेपाल प्रहरीको प्रयास जनमुखी र सेवाभावको पर्यायका रुपमा एक सबल आन्तरिक सुरक्षा संगठन हो भन्ने अनुभूति सामान्य जनताले गर्न सक्नुमा यस संगठनको सफलता केन्द्रित रहन्छ ।

संवैधानिक व्यवस्था र केही समयअघि कार्यान्वयनमा आएको संशोधित प्रहरी ऐनअनुसार नेपाल प्रहरी संघीय तथा प्रादेशिक प्रहरीको अवधारणामा अघि बढेको छ । मुलुकको संघीय शासन व्यवस्थाको कार्यान्वयनको दिशामा संघीय तथा प्रदेश प्रहरीको संरचनाअनुसार यो सुरक्षा निकाय रुपान्तरित हुने क्रममा रहेको सन्दर्भमा नेपाल प्रहरी संगठनका नवीनता र कार्यसम्पादन निखारताको अपेक्षा गर्न सकिन्छ ।

नेपालको सुरक्षा निकायको एक प्रमुख संगठन नेपाल प्रहरी मुलुकमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्ने दिशामा कत्तिको सफल असफल छ, समीक्षाको पाटो रहला । विगतको लामो कार्यानुभव र सांगठनिक संरचनगत मापन सूचकका आधारमा नेपाल प्रहरीको कार्यक्षमताका बहुआयामिक पाटालाई नियाल्ने हो भने यो संगठन जनताको अपेक्षा र गृहप्रशासनको दिशा निर्देशमा कत्ति अब्बल सुरक्षा संयन्त्र बन्न सकेको छ बहसको विषय रहला । प्रहरी ऐन, २०१२ कार्यान्वयनमा आएसँगै नेपाल प्रहरीले वैधानिकरुपमा सरकारको आन्तरिक सुरक्षाको प्रमुख अंगका रुपमा कार्य गर्दै आएको छ ।

विश्वमा प्रहरी वा पुलिस संस्थाको आरम्भका सन्दर्भमा यो संगठन प्राचीनकालदेखि नै मुलुकको इतिहास र भाषाको अस्तित्वझैं प्राचीनता भएको देखिन्छ । नेपालमा राणाकालीन शासन व्यवस्थामा (सन् १८६४ देखि सन् १९५१) प्रहरी संगठनको संस्थागत विकासका केही कार्य भएका थिए । त्यस समयक्रममा यो संगठन मिलिसिया, थाना पुलिस चौकी र पुलिस डाइरेक्टर जनरलको कार्यालयको नामका प्रहरी संगठनको आधारभूत मान्यता र सिद्धान्तअनुसार कार्यसम्पादन गर्दै आएर क्रमशः आधुनिक नेपाल प्रहरीको संगठनमा स्वरुप लिँदै आउन सकेको हो । १०४ वर्षको अकण्टक निरंकुश राणाशासनको वि.सं. २००७ सालमा जनताको ऐतिहासिक प्रजातन्त्र प्राप्तिको आन्दोलनपश्चात् प्रहरी ऐन २०१२ लागू भई कार्यान्वयनमा आएपश्चात् नेपाल प्रहरी संगठनको प्रथम प्रहरी महानिरीक्षकका रुपमा तोरणशमसेर जबराले नेतृत्व गरे । तत्पश्चात् प्रहरी नियमावली, २०१५ (सन् १९५९) मा कार्यान्वयनमा ल्याइएपछि यस संगठनले वैधानिकरुपमा संस्थागत बन्न सक्यो ।

नेपाली जनताले ३० वर्ष अवधिको निर्दलीय पञ्चायती व्यवस्थाको अवसान र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना गरे । बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा मूल्य तथा नेपाल अधिराज्यको संविधान २०४७ का मर्म र भावनाअनुसार नेपाल प्रहरी संगठनलाई समयानुकूल परिवर्तन र जनताको सुरक्षा निकायको अनुभूति दिलाउने संगठनका रुपमा संस्थागत विकास गर्ने उद्देश्यले नेपाल प्रहरी पुनर्संरचना आयोग, २०४९ गठन भई त्यस आयोगले दिएको प्रतिवेदन र सुझावका आधारमा यो संगठनले नितान्त फरक ढंगले कार्य गर्ने जमर्कोलाई आत्मसात् गरी अघि बढ्ने प्रयास गऱ्यो ।

नेपाल प्रहरीले नागरिकसँगको सामीप्यता र सम्बन्धलाई नागरिक समाजको अन्योन्याश्रिततासँग जीवन्त बनाउने प्रयास गरी आएको छ । जनता र समुदायको अभिन्न अंगको पाटोका रुपमा उभ्याउने र जनताका सहयोगी र विपद्का समयको असल मित्रका रुपमा उभ्याउने प्रयासका रुपमा कहिले प्रहरी बर्दीसहितका नागरिक र नागरिक बर्दीविनाका प्रहरीको नारा दिएर जनताको मन जित्ने प्रयास पनि गरियो ।

यस्तै जनतासँग प्रहरी, प्रहरी हाम्रो साथी, मुस्कानसहितको प्रहरी सेवाजस्ता नारा लिएर प्रहरीले नागरिक समाजको अन्तरंग भएर कार्य गर्ने प्रयास पनि भए । यस्ता अभियानले कति सार्थकता पाउन सके आफैंमा स्वमूल्यांकनको पाटो रहला । शान्ति सुरक्षाको अनुभूति दिलाउने प्रयास सकारात्मक हो तर आमजनताले सेवाप्रवाह र सुशासनको अनुभूति गर्ने र दिलाउने सवालमा अझै पनि निखारता खट्किएको छ । पछिल्लो समयमा नेपाल प्रहरीले समुदाय प्रहरी साझेदारी कार्यक्रम ल्याएको छ । आमजनता र नागरिक समाजको मन जित्ने सवालमा यस कार्यक्रम केही सफल भएको छ ।

विशेषतः समाजमा विद्यमान विकृति र विसंगतिलाई चिर्दै समाजमा घट्ने विभिन्न आपराधिक घटनालाई न्यूनीकरण गर्ने र जनतालाई सुसूचित गर्ने यो कार्यक्रमको मूल उद्देश्य थियो । यसका साथै लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण, विद्युतीय तथा साइबर अपराध तथा यसको नियन्त्रण, बालअधिकार तथा बालबालिकासम्बन्धी अपराध र यसको नियन्त्रण र कानुनी उपचार, महिला हिंसा तथा यौन दुर्व्यवहार र यसको नियन्त्रण र नागरिक सचेतना, बेचबिखन तथा संगठित मानव तस्करी नियन्त्रणका कानुनी प्रावधान र सामाजिक दायित्वलगायतका विषयमा जनतालाई सचेत गराउने अभियानका रुपमा यो कार्यक्रम समुदायसम्म विस्तार गरियो । यस कार्यक्रमले निकै हदसम्म नागरिक समाजका सचेतना अभिवृद्धि गर्न सहयोग गऱ्यो । सामान्य जनतासँगको अन्तरसम्बन्ध कायम गर्न यस्ता कार्यक्रमले नेपाल प्रहरीलाई उत्प्रेरित गरे पनि अपराध नियन्त्रण तथा समाजमा रहेको संगठित अपराध नियन्त्रणको दिशामा धेरै गर्न बाँकी छ ।

संयुक्त राष्ट्रसंघको विश्व शान्ति अभियानमा नेपाल प्रहरीको उपस्थिति र योगदानको सुरुआत नीलो टोपीका प्रहरीका रुपमा सन् १९९१ देखि निरन्तर रुपमा रह्यो । राष्ट्रसंघीय नीलो टोपीका प्रहरी (पिस किपिङ पुलिस) का रुपमा नेपाल प्रहरीका हालसम्म दुई हजारभन्दा बढी प्रहरीले महत्त्वपूर्ण सेवा प्रदान गरिसकेको तथ्यांक देखिन्छ । विशेषतः सुडान, कोसोभो, हैटी, इराकलगायतका द्वन्द्वग्रस्त मुलुकहरूमा विश्व शान्ति अभियानमा नेपाल प्रहरीले सेवा गऱ्यो । विश्व शान्ति अभियानमा नेपालको योगदानको सबल पाटोका रुपमा नेपाल प्रहरीको उपस्थितिलाई लिन सकिन्छ ।

प्रहरी संगठनको आधारभूत मूल्य र मान्यतालाई आमनागरिकले बुझ्ने भाषामा जनताको जिउधनको सुरक्षा, समाजमा अपराधका घटना नियन्त्रण र मुलुकको आन्तरिक शान्ति, सुरक्षा र सुशासनको अनुभूति गराउने प्राथमिक दायित्व भएको सुरक्षा निकायका रुपमा लिन सकिन्छ । नेपाल प्रहरी कानुन कार्यान्वयन तथा विधिको शासन कायम गर्ने प्राथमिक दायित्व भएको सुरक्षा निकायका रुपमा क्रियाशील संगठन हो । विधिको शासनको प्रत्याभूति दिलाउने, अपराध नियन्त्रण र अपराधका घटनाको सत्यतथ्य अनुसन्धान गरी पीडितलाई न्यायको अनुभूति दिलाउने दिशामा न्यायिक निकाय अदालतको कार्यसम्पादनमा सहयोग गर्ने हो ।

अपराधी तथा आपराधिक मानसिकता भएका समाजका जोकोहीको तेजोवध गरी समाजमा भयरहित वातावरणको निर्माणमा पहिलो मोर्चामा काम गर्ने गहन जिम्मेवारी बोकेको नेपाल प्रहरीका थुप्रै चुनौती छन् । यस संगठनका अन्य महत्त्वपूर्ण दायित्वमा सडक ट्राफिक व्यवस्थापन, दंगा तथा भीड नियन्त्रण, प्राकृतिक तथा मानवजनित प्रकोप व्यवस्थापन, अपहरणमा उद्धार, सामरिक महत्त्वका क्षेत्र तथा भौतिक संरचनाको सुरक्षा, अनुसन्धान तथा इन्टेलिजेन्स संकलन र विश्लेषणलगायतका कार्य पनि पर्दछन् । आफ्नो कार्यसम्पादनमा कुशलता, संगठनमा कार्यमैत्री वातावरण, वृत्ति विकास, कार्य उत्प्रेरणा र संगठनात्मक सहजीकरणको समग्रतामा सामयिक सुधार आवश्यक छ ।

समसामयिक सन्दर्भमा मानव ओसारपसार तथा बेचबिखन महिलाका सवाल, साइबर अपराध, लागुऔषध नियन्त्रण, आधारभूत मानवअधिकारको प्रत्याभूतिका लागि सरकारी निकायसँग सहकार्य, बालबालिकाको संरक्षण तथा बालहिंसा र अपराधको रोकथाम र नियन्त्रणलगायतका महत्त्वपूर्ण कार्यहरू सम्पादनको चुनौतीलाई प्रभावकारी ढंगबाट कार्यान्वयन तहमा ल्याउन सक्नुपर्ने देखिन्छ । क्षमता र दक्षताको मापनका सूचकको कार्यक्षेत्रमा कत्तिको सम्पादन गर्न सकियो त्यसले महत्त्व राख्दछ । संगठित अपराध निर्मूलन र न्यूनीकरण आजको जल्दोबल्दो चुनौतीका रुपमा रहेका छन् ।

घटनाको मिहीन तथा शूष्मतम् अनुसन्धान तथा तहकिकातको सम्पादनमा भरपर्दो प्रभावकारी विधि र प्रक्रियाको अभावले जघन्य तथा मानवता विरोधी अपराध रोकथाम र न्युनीकरणका चुनौती छन् । यस्ता जघन्य अपराध नियन्त्रण तथा निर्मूलीकरणमा दरो कदम आवश्यक छ । अपराधको मनोविज्ञान र समाजको बहुआयामिक संरचना अनि अपराधीको आपराधिक मानसिकताका आर्थिक, सामाजिक, मनोगत, वंशानुगत अवयवजस्ता तत्त्वले आपराधिक क्रियाकलापमा पार्ने प्रभावको विश्लेषण आवश्यक छ । आपराधिक समाज मनोविज्ञानका पाटालाई मिहीन विश्लेषण गरी अनुसन्धानको दायरालाई फराकिलो र पारदर्शी बनाउन सकेमा अवश्य पनि अपेक्षित परिणाम हासिल गर्न सकिन्छ ।

समसामयिक परिवेशमा जनताको अभिन्न सेवाप्रवाही संगठनका रुपमा नेपाल प्रहरी उभिन सक्नुपर्दछ । कानुनी शासन, मानवअधिकारको संरक्षण, विधिका शाश्वत् सिद्धान्तलाई आत्मसात् गरेर २१औं शताब्दीको प्रहरीको अवधारणा र मान्यताअनुसार नेपाल प्रहरीमा रुपान्तरण र परिमार्जित कार्यशैली अवसर हो ।

श्रम सरोकार

इजरायल रोजगारीमा जानेले बुझ्नुपर्ने कुरा

नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येमा पर्छ इजरायल । इजरायलले विशेषगरी सहायक कामदार (घरेलु काममा महिलाका लागि) र कृषि क्षेत्रमा रोजगारीका लागि नेपाली कामदार लैजाने गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी सम्झौताअन्तर्गत नै नेपालले कामदार पठाउने गरेको छ । यसबाहेक 'अर्न एण्ड लर्न' कार्यक्रममार्फत पनि नेपाली विद्यार्थीहरू इजरायलमा जाने गरेका छन् । हमाससँगको युद्धकालमा रोकिएको इजरायल रोजगारी केही समय पहिले मात्रै नेपालले खुला गरेको छ ।

दक्षिणी र पूर्वी रेगिस्तानी इलाकामा पर्ने भएकाले यहाँ गर्मी, शुष्क र समशीतोष्ण हावापानी हुन्छ । विशेषगरी महिलाले यो देश रोज्नुको कारण महिलाहरूका लागि सुरक्षित गन्तव्य मानिन्छ र विदेशी कामदारहरूलाई राम्रो नियम कानुन छ । नौ दिन नेपाली चाडको बिदा, वर्षको १२ दिन इजरायली बिदा अनि एक वर्ष पुगेपछि बोनस पाइन्छ ।

यहाँ प्यालेस्टाइनसँग बराबर युद्ध भइरहन्छ । २४ घण्टा घरभित्रको काम गर्नुपर्ने हुँदा मानसिक तनाव हुनसक्छ । चौबिसै घण्टा अशक्त बिरामी र केटाकेटीको काम गर्नुपर्ने हुँदा जतिबेला पनि आफूलाई सतर्क बनाइरहनुपर्छ । महिलाप्रधान देश भएकोले महिलाको जुनसुकै काम पनि सम्मानको दृष्टिले हेरिन्छ । राम्रो तलब सुविधा अनि महिलाहरूको एकमात्र सुरक्षित गन्तव्य हो, इजरायल । त्यहाँ गएर राम्रो आम्दानी सुरक्षाको प्रत्याभूतिसहित आत्मसन्तुष्टि लिन सकिन्छ । कामदारहरूले वृद्धवृद्धाको हेरचाह गर्न जान्ने हुनुपर्छ । अशक्त बिरामीहरूसँग रातदिन बस्नुपर्ने हुँदा सहनशील र धैर्य गर्न सक्नुपर्छ । विद्युतीय सामानहरू चलाउने ज्ञान हुनुपर्छ । एउटा घरको सम्पूर्ण जिम्मेवारी लिएर काम गर्नुपर्ने हुनाले आत्मविश्वासको साथ एउटा घरको पूर्ण जिम्मेवारी लिन सक्नुपर्छ ।

बिदाको दिनबाहेक वृद्धवृद्धालाई एक्लै छोडेर हिँडे यसको विरुद्ध भने कोही बोल्दैन । त्यहाँ अनैतिक काम गर्न हुँदैन । जुन काम गर्न गएको हो त्यो भन्दा अर्को काम गर्न पाइँदैन । हप्तामा एक दिन बिदा लिन मिल्छ । आफूले चाहेको खण्डमा बिदाको दिन पनि काम गर्न पाइन्छ ।

पाठक मञ्च

विधिको शासनमाथि गम्भीर प्रश्नचिह्न

नेपालको न्यायिक प्रणाली, सुरक्षा निकाय र उच्च राजनीतिक नेतृत्वको जग कतिसम्म धमिलो र कमजोर भइसकेको छ भन्ने कुराको ज्वलन्त उदाहरणका रूपमा यो बिचौलिया प्रकरण सतहमा आएको छ । 'इनम सापकोटा' नामका एक अपरिचित र रहस्यमय युवाले राज्यका सर्वोच्च अंगहरू (न्यायपालिका, कार्यपालिका र सुरक्षा निकाय)का उच्चपदस्थ व्यक्तिहरूलाई कसरी आफ्नो प्रभाव र सञ्जालमा पारेका रहेछन् भन्ने तथ्यले आमनागरिकलाई स्तब्ध र आक्रोशित बनाएको छ । केवल ३० वर्षका युवा, जसको वैधानिक पृष्ठभूमि स्पष्ट छैन, उनले देशका प्रधानन्यायाधीश, न्यायाधीश, प्रधानमन्त्री, प्रहरी प्रमुख, सशस्त्र प्रहरीका उच्च अधिकारी र बहालवाला तथा पूर्वमन्त्रीहरूसम्म सोझै पहुँच राख्नु र राज्यको निर्णय प्रक्रियालाई नै प्रभावित पार्ने प्रयास गर्नु सामान्य विषय होइन ।

१. न्यायपालिकाको गरिमा र स्वच्छतामाथि बज्रपात

अदालतलाई आमजनताले न्यायको अन्तिम आशा र भरोसाको केन्द्रका रूपमा हेर्ने गर्दछन् । तर, न्यायाधीशहरू स्वयं बिचौलियासँग होटलमा भेटघाट गर्छन् र मुद्दाको 'सेटिङ' तथा 'घुस डिल' का प्रसंगहरू सार्वजनिक हुन्छन् भने न्यायिक निष्पक्षताको अपेक्षा कसरी गर्ने ? न्यायाधीश हरि फुयालले प्रधानमन्त्रीको तर्फबाट भेट्न आएको भन्दै होटलमा बिचौलियासँग भेटेको कुरा स्वीकार्नुले न्यायिक आचारसंहिताको गम्भीर उल्लंघनलाई उजागर गर्छ । प्रधानन्यायाधीशले विज्ञप्ति निकालेर खण्डन गर्दैमा वा 'फुल कोर्ट' बैठक डाक्दैमा न्यायपालिकामाथि गुमेको नागरिक विश्वास एकाएक फर्किने देखिँदैन । अदालतभित्र विचाराधीन मुद्दाहरू, जस्तैः राजनीतिक दलको आधिकारिकता वा ठूला व्यवसायीको बन्दी प्रत्यक्षीकरण, किनबेचको विषय बन्नु लोकतान्त्रिक व्यवस्था र न्याय प्रणालीका लागि सबैभन्दा घातक अवस्था हो ।

२. सुरक्षा निकाय र गृह प्रशासनको विचलन

शान्ति, सुरक्षा र विधिको शासन कायम गर्ने प्रमुख जिम्मेवारी बोकेका नेपाल प्रहरी र सशस्त्र प्रहरीका शीर्ष अधिकारीहरू नै बिचौलियाको सञ्जालमा जोडिनु झनै चिन्ताजनक छ। सशस्त्रका एआइजी वंशीराज दाहालको निलम्बन र प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीमाथि उठेका प्रश्नहरूले हाम्रा सुरक्षा निकायहरूभित्रको व्यावसायिक निष्ठा र आन्तरिक सुशासन कति थला परेको छ भन्ने देखाउँछ ।

प्रहरी पोसाक खरिदमा भ्रष्टाचारको आरोप लागिरहेका बेला बिचौलियासँगको 'कनेक्सन' बाहिरिनुले प्रहरी संगठनको छविमा ठूलो दाग लगाएको छ । सुरक्षा निकायका प्रमुखहरू नै जब व्यक्तिगत स्वार्थ, राजनीतिक संरक्षण र बिचौलियाको खेलमा अल्झिन्छन्, तब मुलुकको आन्तरिक सुरक्षा र सर्वसाधारणको जिउधनको सुरक्षाको प्रत्याभूति केवल कागजी नारामा सीमित हुन पुग्छ ।

३. राजनीति र बिचौलियाको धमिलो गठबन्धन

यो प्रकरणले नेपालको राजनीति कसरी बिचौलियाहरूको इशारामा नाचिरहेको छ भन्ने स्पष्ट पार्छ। सत्ता ढलाउने, नयाँ सरकार बनाउने, र मन्त्री वा सांसदहरूलाई प्रभावमा पार्ने खेलमा बिचौलियाहरू निर्णायक बन्दै गएका छन् । पुराना राजनीतिक दलका शीर्ष नेताहरू देउवा, ओली, दाहालका स्वकीय सचिवहरूदेखि लिएर नयाँ भनिएका रास्वपाका नेता/सांसदहरू र सागर घिमिरेजस्ता पात्रहरूको नाम यस प्रकरणमा जोडिनुले नयाँ र पुराना दुवै राजनीतिक शक्तिहरू यस्ता गलत अभ्यासबाट अछूतो छैनन् भन्ने संकेत गर्छ । राजनीति जब जनसेवा र नीतिगत निष्ठाभन्दा माथि उठेर बिचौलिया र व्यापारीको स्वार्थपूर्तिको साधन बन्छ, तब राज्यका सम्पूर्ण संयन्त्रहरू ध्वस्त हुन पुग्छन् ।

निष्कर्ष र अबको आवश्यकता

यो घटना केवल एकजना 'इनम सापकोटा' पक्राउ पर्नु वा एक-दुईजना अधिकारी निलम्बित हुनुमामात्र सीमित राखिनु हुँदैन । यदि यसलाई केही व्यक्तिहरूको व्यक्तिगत कमजोरी वा भुलका रूपमामात्र हेरेर ढाकछोप गरियो भने यसले भविष्यमा अझै ठूलो संस्थागत भ्रष्टाचारलाई प्रश्रय दिने छ ।

स्वतन्त्र र उच्चस्तरीय छानबिनः

यस प्रकरणमा जोडिएका जुनसुकै पद र ओहोदाका व्यक्ति (चाहे ती न्यायाधीश हुन्, प्रहरी प्रमुख हुन् वा शीर्ष नेता) माथि कुनै दबाब र प्रभावविना निष्पक्ष र कडा कानुनी कारबाही गरिनुपर्छ ।

न्यायिक र प्रशासनिक शुद्धिः

न्यायपालिका र सुरक्षा निकायभित्र वर्षौंदेखि जरा गाडेर बसेको 'बिचौलिया संस्कृति' लाई जरैदेखि उखेलेर फाल्नका लागि कठोर संरचनात्मक सुधार र कडा कारबाहीको प्रणाली बसाल्न अपरिहार्य भइसकेको छ । जबसम्म राज्यका प्रमुख अंगहरू बिचौलियाको पन्जाबाट मुक्त हुँदैनन्, तबसम्म न त सुशासन सम्भव छ, न त आमजनताले विधिको शासन र न्यायको अनुभूति नै गर्न पाउँछन् ।

- **कमलराज पाण्डे**
शान्तिनगर, काठमाडौं

झरीमा किनमेल | ताप्लेजुङ सदरमुकाम फुङलिङ बजारमा शनिबार लागेको हटियामा झरीकाबीच छाता ओढेर किनमेल गर्नेको चहलपहल । *तस्बिरः रासस*

मुगुमा भारी वर्षा, चिसो बढ्दा जनजीवन कष्टकर

मुगु- मुगुमा शुक्रबार साँझदेखि परेको वर्षासँगै हिमपात भइरहेकाले अत्यधिक चिसो बढेपछि जनजीवन प्रभावित बन्दै गएको छ । गमगढी हावापानी मापन केन्द्रका अनुसार शुक्रबार बिहान ८:४५ बजेदेखि २४ घण्टाको अवधिमा मुगुमा ३९.८ मिलिमिटर वर्षा भएको छ ।

शनिबार बिहान ८:४५ बजेसम्म गमगढी बजारको अधिकतम तापक्रम ९.२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७.५ डिग्री सेल्सियस मापन गरिएको केन्द्रकी अवलोकनकर्ता नम्रता मल्लले जानकारी दिइन् । मौसममा आएको परिवर्तनसँगै तापक्रम घटेपछि सर्वसाधारणका साथै बालबालिका, वृद्धवृद्धा तथा बिरामी बढी प्रभावित भएका उनको भनाइ छ ।

निरन्तर वर्षाका कारण जिल्लाको हवाई सेवा तथा सडक मार्गसमेत प्रभावित भएका मल्लले बताए । वर्षाका कारण बजार तथा ग्रामीण बस्तीमा चहलपहल घटेको छ । हिमपातले मुगुम कार्मारोङ गाउँपालिकामा पर्ने डोल्फु, मुगु, ताखा, खारी, दाउरा, पुअ, सेरोग, किम्ग्री मह, माङी, पाँपु, चिमात गाउँ बढी प्रभावित भएका छन् । यी क्षेत्रमा बढी हिउँ र पानी परेकाले अत्यधिक चिसो बढेको केन्द्रका अवलोकनकर्ता मल्लले बताए ।

हिमपात र वर्षाले एक ठाउँबाट अर्को ठाउँसम्म आवतजावत गर्न, बस्तुभाउ चराउन समस्या भइरहेको स्थानीय फुर्वाफुटिक लामाले बताए । मुगुका अग्ला हिमाल, बस्तीहरूमा हिउँ परेको छ भने होचो स्थानमा शुक्रबार साँझदेखि वर्षा भइरहेको केन्द्रले जनाएको छ ।

वर्षा र हिमपातको समयमा अत्यावश्यक कामबाहेक सुरक्षित स्थानमा बस्न, अनावश्यक आवतजावत नगर्न जिल्ला प्रशासन कार्यालय मुगुले शुक्रबार सूचना जारी गरी सबैमा अनुरोध गरेको छ । जिल्लामा वर्षा र हिमपात भइरहेको भए पनि हालसम्म कुनै क्षति नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *रासस*

बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सञ्चालनको जिम्मा विकास समितिलाई

रूपन्देही (प्रस)- रुपन्देहीको बुटवलस्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई औपचारिकरूपमा हस्तान्तरण गरिएको छ ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक दिलीप भण्डारी र पूर्वाधार विकासमन्त्रीका सल्लाहकार मधु अर्यालको उपस्थितिमा शुक्रबार यहाँ आयोजित कार्यक्रममा सम्मेलन केन्द्रको जिम्मेवारी समितिलाई हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा वरिष्ठ डिभिजनल इन्जिनियर कीर्तिकान्त साहले 'विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति गठन आदेश, २०८१' बमोजिम आवश्यक सम्पूर्ण कागजात समितिका कार्यकारी निर्देशक धर्मराज खड्कालाई हस्तान्तरण गरे । जिम्मेवारी ग्रहण गर्दै कार्यकारी निर्देशक खड्काले सम्मेलन केन्द्रलाई पारदर्शी, व्यवस्थित र सेवाग्राहीमैत्री ढंगले सञ्चालन गरिने बताए । उनले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै सेवाग्राहीको सन्तुष्टि र संस्थाको प्रभावकारी व्यवस्थापनलाई प्राथमिकता दिइने उल्लेख गरे ।

उनले वर्तमान सरकारको कार्यशैलीअनुसार सम्मेलन केन्द्रको पूर्णक्षमतामा उपयोग हुने गरी सञ्चालन तथा व्यवस्थापन गरिने प्रतिबद्धता व्यक्त गरे ।

बुटवलमा निर्माण गरिएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा मुख्य सभाहलसहित विभिन्न क्षमताका बहुउद्देश्यीय हल रहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा, सम्मेलन, गोष्ठी र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सकिने यस केन्द्रमा एकैपटक हजारौं सहभागीलाई समेट्न सकिने क्षमता रहेको छ । सम्मेलन केन्द्रमा अत्याधुनिक ध्वनि तथा प्रकाश प्रणाली, मल्टिमिडिया डिस्प्ले, अन्तर्राष्ट्रियस्तरको मञ्च, पर्याप्त पार्किङ, हरियाली पार्क, खाजाघर, विशिष्ट कक्ष तथा अपांगतामैत्री पूर्वाधार रहेका छन् ।

व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणसँगै लामो समयदेखि पूर्णक्षमतामा सञ्चालन हुन नसकेको सम्मेलन केन्द्र प्रभावकारीरूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ । यसको सञ्चालनले बुटवलसहित समग्र लुम्बिनी प्रदेशको आर्थिक, पर्यटकीय तथा व्यापारिक गतिविधिमा योगदान पुग्ने विश्वास गरिएको छ ।

पाल्पामा विपद्: १० वर्षमा १०२ जनाले गुमाए ज्यान

पाल्पा- पाल्पामा पछिल्लो १० वर्षमा विपद्जन्य घटनामा परी १०२ जनाको मृत्यु भएको छ । जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेका अनुसार २०७४ साउनदेखि गत असारसम्म ९७ जनाको मृत्यु भएको थियो ।

गत महिनाको बाढीपहिरो र वर्षाका कारण थप पाँच जनाको ज्यान गएको उनले जानकारी दिए । यस अवधिमा ३५८ जना घाइते हुनुका साथै पाँच जना बेपत्ता भएका छन् । गत असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षा, बाढी र पहिरोले जिल्लामा ठूलो भौतिक तथा आर्थिक क्षति पुऱ्याएको प्रजिअ पाण्डेले बताए । उनका अनुसार प्रारम्भिक विवरणअनुसार सडक, सिँचाइ, तटबन्ध, खानेपानी, कृषि तथा पशुपन्छी क्षेत्रमा गरी करिब ३७ करोड ७५ लाख ३६ हजार रुपैयाँबराबरको क्षति भएको छ ।

प्राकृतिक विपद्को प्रहार कृषि, पशुपन्छी, सडक, सिँचाइ, तटबन्ध र खानेपानीका संरचनासम्म पुगेको छ । कृषि बालीमा मात्रै करिब एक करोड ५० लाख रुपैयाँ र पशुपन्छी तथा मत्स्य क्षेत्रमा ४५ लाख ७५ हजार रुपैयाँबराबरको क्षति भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका अनुसार बगनासकाली गाउँपालिकामा सबैभन्दा बढी २७ लाख ७० हजार रुपैयाँ, तानसेन नगरपालिकामा १० लाख ८५ हजार रुपैयाँ र माथागढी गाउँपालिकामा सात लाख २० हजार रुपैयाँबराबरको क्षति भएको छ ।

> बाढीपहिरोले १२९ घर तथा संरचनामा क्षति पुऱ्याएको छ भने ७० वटा खानेपानी आयोजनामा असर परेको छ । खानेपानी संरचना मर्मतका लागि दुई करोड ४० लाख । यस्तै, १४ वटा सिँचाइ आयोजनाको पुनर्निर्माणका लागि तीन करोड ९५ लाख रूपैयाँ र माडीफाँटमा तटबन्ध निर्माणका लागि आठ करोड ८६ लाख रूपैयाँभन्दा बढी आवश्यक छ ।

बाढीपहिरोले १२९ घर तथा संरचनामा क्षति पुऱ्याएको छ भने ७० वटा खानेपानी आयोजनामा असर परेको छ । खानेपानी संरचना मर्मतका लागि दुई करोड ४० लाख रुपैयाँ आवश्यक पर्ने खानेपानी तथा सरसफाइ कार्यालयले जनाएको छ । यस्तै, १४ वटा सिँचाइ आयोजनाको पुनर्निर्माणका लागि तीन करोड ९५ लाख रुपैयाँ र माडीफाँटमा तटबन्ध निर्माणका लागि आठ करोड ८६ लाख रुपैयाँभन्दा बढी आवश्यक देखिएको छ ।

सडक सञ्जाल पुनर्निर्माणमा करोडौंको भार

बाढीपहिरोले संघीय तथा प्रादेशिक सडक संरचनामासमेत ठूलो क्षति पुऱ्याएको छ । डिभिजन सडक कार्यालय पाल्पाअन्तर्गतका छ वटा सडक आयोजनाको मर्मतका लागि १६ करोड ८३ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । सिद्धार्थ राजमार्ग, बर्तुङ-तानसेन-रिडी सडक, रुद्रवेणी-वामीटक्सार-खर्वाङ सडक, मदनभण्डारी राजमार्ग र कालीगण्डकी करिडोरका विभिन्न खण्डमा पहिरो, सडक भासिने र कटानका समस्या देखिएका छन् ।

भिमाद-रामपुर-मित्याल-अरुणखोला सडकको केलादीघाटस्थित पुलमासमेत क्षति पुगेपछि यातायात अवरुद्ध भएको छ । त्यसैगरी, प्रादेशिक सडकअन्तर्गतका आठ वटा सडक मर्मत तथा पुनः सञ्चालनका लागि तीन करोड ७५ लाख रुपैयाँ आवश्यक पर्ने सडक पूर्वाधार कार्यालयले जनाएको छ । तानसेन-रानीमहल, हुमिन-सिमल्दी-पूर्वखोला, रामपुर-कपुरकोटलगायतका सडकमा पहिरो, कटान र सडक भासिने समस्या देखिएको छ ।

सम्भावित विपद् रोक्न प्रशासनको सतर्कता

आगामी दिनमा हुन सक्ने बेमौसमी वर्षा र त्यसबाट उत्पन्न जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले नागरिकलाई सतर्क रहन आग्रह गरेको छ । सम्बन्धित सरकारी निकायलाई आवश्यक पूर्वतयारी अवस्थामा रहन पनि निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए ।

संघीय सांसद, जिल्ला समन्वय समिति, राजनीतिक दल, जिल्लाका १० वटै स्थानीय तहका प्रमुख तथा अध्यक्ष र सरकारी कार्यालयका प्रमुखहरूको बैठकले विपद्बाट हुन सक्ने थप क्षति न्यूनीकरण गर्न सबै पक्षलाई जिम्मेवार भएर कार्यक्षेत्रमा खटिन र सावधानी अपनाउन निर्णय गरेको छ । विपद्का कारण जनधनको क्षतिसँगै जिल्लाको पूर्वाधार पुनर्निर्माणमा ठूलो आर्थिक भार थपिएको उनको भनाइ छ । *रासस*

मधेसका आठ जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तार गर्नुपर्नेमा जोड

जनकपुरधाम (प्रस)- आर्थिक अवस्था कमजोर भएका तथा विपन्न समुदायको सुरक्षित आवासमा पहुँच सुनिश्चित गर्न मधेस प्रदेशका आठवटै जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तार गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

सुरक्षित आवास निर्माणसँगै आवास वित्त, लघु बिमा तथा वित्तीय र डिजिटल साक्षरताको पहुँच विस्तार गर्न सके विपन्न परिवारको आवास सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्ने सरोकार भएकाहरूको भनाइ छ ।

हयाबिटयाट फर ह्युम्यानिटी नेपालले जर्सी ओभरसिज एड (जेओए) को आर्थिक सहयोगमा सञ्चालित होम्स नेपाल परियोजनाअन्तर्गत जनकपुरधाममा आयोजना गरिएको 'वित्तीय समावेशीकरण र सुरक्षित आवासका लागि प्रणाली सुदृढीकरणः चुनौती र अवसरहरू' विषयक कार्यशालामा सहभागीले सुरक्षित आवासलाई विपद् जोखिम न्यूनीकरणको महत्त्वपूर्ण आधारका रूपमा अघि बढाउनुपर्ने बताएका हुन् ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य सुरिताकुमारी साहले सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएकाले यसलाई विपद् जोखिम न्यूनीकरणसँग जोडेर अघि बढाउनुपर्ने बताइन् । आर्थिक अवस्था कमजोर भएका परिवारलाई सुरक्षित आवास निर्माणमा सहयोग पुऱ्याउन सरकार, स्थानीय तह र सम्बन्धित संस्थाबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता कार्यक्रम मधेस प्रदेशका आठवटै जिल्लामा विस्तार गरी लक्षित समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले विपन्न समुदायको आवासमा पहुँच पुऱ्याउन आवास कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै पछिल्लो समय मधेस प्रदेशमा सञ्चालित आवास कार्यक्रमहरू बनेको बताए ।

तीनै तहका सरकार तथा सरोकारवालाबीच समन्वय सुदृढ गर्दै सुरक्षित आवास, आवाससम्बन्धी वित्तीय सेवा, लघु बिमा र डिजिटल वित्तीय सेवामा समुदायको पहुँच विस्तार गर्ने सम्भावना पहिचान गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा स्थानीय तह, प्रदेशस्तरीय निकाय, राष्ट्रिय नियामक संस्था, वित्तीय सेवा प्रदायक तथा विकास साझेदार संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा सुरक्षित आवास, आवास वित्त, लघु आवास बिमा तथा वित्तीय र डिजिटल साक्षरताका विषयमा छलफल गरिएको थियो । सुरक्षित आवास कार्यक्रमलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्था, वित्तीय सेवाको पहुँच, संस्थागत समन्वय तथा स्थानीय तहको भूमिकालाई थप सुदृढ बनाउनुपर्ने विषयमासमेत छलफल भएको थियो ।

म्याग्दीमा निजी आवास पुनर्निर्माण कार्ययोजना तयार

■ **सन्तोष गौतम**

म्याग्दी- गत असोजको बाढीपहिरोबाट प्रभावित जिल्लामा निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापनाका लागि कार्ययोजना तयार पारिएको छ ।

जिल्ला प्रशासन कार्यालयले तयार पारेको कार्ययोजना विपद् व्यवस्थापन समितिको बैठकले पारित गरेपछि शुक्रबारदेखि कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । प्रमुख जिल्ला अधिकारी गणेश गैरेले उद्धार र राहतपछि अस्थायी बसोबासको व्यवस्थासँगै पुनर्निर्माणको चरणमा अघि बढेको जानकारी दिए ।

'मृतक र घरवास गुमाएकाहरूलाई उद्धार र राहत उपलब्ध गराई अस्थायी बसोबासको व्यवस्था मिलाउनेसँगै निजी आवास पुनर्निर्माणलाई तीव्रता दिन र व्यवस्थित बनाउन कार्ययोजना बनाएका हौं,' उनले भने, 'निजी आवास पुनर्निर्माणको काम आगामी २०८३ जेठ दोस्रो हप्ताभित्र सक्नेगरी कार्ययोजना तयार भएको छ ।' समयतालिका निर्धारण गरेर तयार पारिएको १२ बुँदे कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको स्पष्ट जिम्मेवारी तोकिएको छ ।

स्थानीय तहले पुसको दोस्रो हप्तासम्म विपद्बाट पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा तयार, सूचना प्रणालीमा प्रविष्ट गर्ने, लगत संकलन सम्पन्नताको निस्सा दिने, लाभग्राहीको

पहिचान गरी सूचीसहितको विवरण जिल्लामा पठाउने र क्षतिको स्तरअनुसार प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना छुट्याएर लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्ने छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले पुसको देस्रो हप्तासम्म निर्णय गरि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पहिलो किस्ता रकम माग गर्ने, तेस्रो हप्तामा वडा अध्यक्षहरूले अनुदान सम्झौता गर्ने, पुस मसान्तभित्र पहिलो किस्ता अनुदान दिने, फागुन १५ गतेसम्म दोस्रो र जेठ १५ गतेसम्म तेस्रो किस्ता अनुदान वितरण गर्ने कार्ययोजना बनाइएको छ ।

विपद् प्रभावितले निजी आवास पुननिर्माणका लागि पाँच लाख रुपैयाँ अनुदान पाउने कार्यविधि छ । सूचना प्रविधि सञ्चालन तथा प्राधिकरणले प्राधिकरणले विकास गरेको पोर्टलको प्रयोग सम्बन्धमा स्थानीय तहका विपद् सम्पर्क व्यक्ति र प्राविधिक कर्मचारीलाई तालिम दिनका लागि प्राधिकरणलाई माग गरिएको छ ।

निजी आवासको क्षतिको मूल्यांकन र लाभग्राही पहिचानको प्रक्रियासँगै मृतक र विस्थापितहरूलाई राहत वितरण तथा अस्थायी बसोबास व्यवस्थापनको कामलाई समानान्तररुपमा अघि बढाइएको म्याग्दीमा सबैभन्दा बढी प्रभावित भएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए ।

सरकारले असोज २१ गते म्याग्दीका बेनी नगरपालिका, अन्नपूर्ण, रघुगंगा, मालिका, मंगला र धवलागिरि गाउँपालिकालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । विपद् प्रतिकार्यका आकस्मिक काम गर्नका लागि पहिलो चरणमा संघीय सरकारले ४०-४० लाख रुपैयाँ अनुदान पठाएको छ ।

प्रहरी, जनप्रतिनिधि प्राविधिकहरूले क्षतिको तथ्यांक संकलन गरी मुचुल्का तयार पार्ने काम अन्तिम चरणमा पुऱ्याएका छन् । पछिल्लो विपद्बाट म्याग्दीको अन्नपूर्णमा पाँच र मालिकामा दुई जनाको मृत्यु भएको प्रहरी नायव उपरीक्षक राजन कार्कीले बताए । बेनी नगरपालिका र अन्नपूर्णमा एक/एक जना बेपत्ता छन् ।

प्रनाउ कार्कीका अनुसार जिल्लाभर २४३ घर पूर्ण र १८४ घरको आंशिक क्षति भएको विवरण प्रहरीले हालसम्म संकलन गरेको छ । ३६२ घर बाढी, पहिरो र कटानका कारण जोखिममा परेका छन् । ३४ गोठ पूर्ण र ४६ वटामा आंशिक क्षति पुगेको छ । १३ वटा विद्यालयमा आंशिक क्षति पुगेको छ ।

क्षतिको विवरण संकलन पूरा नभएकाले संख्या थपिन सक्ने प्रजिअ गैरेले बताए । म्याग्दीका प्रमुख बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-बागलुङलगायत सडक, खानेपानी, सिँचाइ, विद्युतीकरण, जलविद्युत् आयोजना, प्रसारणलाइन, नदी नियन्त्रण योजनामा ठूलो क्षति पुगेको छ । कालीगण्डकी र म्याग्दी नदीमा आएको बाढीका कारण तटीय क्षेत्रमा कटान तथा बाढीको जोखिम बढेको छ ।

विपद्बाट क्षति पुगेका सार्वजनिक भौतिक संरचनाहरूको पुननिर्माणका लागि भने स्थानीय तहको माग र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत बजेट उपलब्ध गराइने म्याग्दीबाट निर्वाचित प्रतिनिधीसभा सदस्यसमेत रहेका विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुनले हालै बेनीमा भएको अन्तरक्रिया कार्यक्रममा बताएका थिए । *रासस*

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य	छापावाला सुन	तेजाबी सुन	चाँदी
	प्रति तोला –	प्रति तोला –	प्रति तोला –
	२,८०,३००	०	३,८२५

ढल्यो धान | काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका–१२, शंखुमा निरन्तर वर्षाका कारण खेतमै ढलेको धानबाली । धानबाली पाकेर भित्र्याउने तयारीमा रहेकोमा प्रतिकूल मौसमका कारण किसानलाई धान भित्र्याउन समस्या भएको छ । *तस्बिरः रासस*

निर्धारितभन्दा सस्तो मूल्यमा धान बेच्दै किसान

दाङ– धान काटेर घरमा भण्डारणका लागि उपयुक्त ठाउँ नभएको भन्दै यहाँका किसानले सस्तो मूल्यमा बिक्री गरिरहेका छन् । तिहारका लागि खर्च व्यवस्थापन गर्न तथा भण्डारणको समस्या भएपछि खाद्य व्यवस्थाले निर्धारण गरेको मूल्यभन्दा सस्तोमा किसानले धान बेचिरहेका हुन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्ष मोटा धानको मूल्य प्रतिक्वीन्टल रु तीन हजार ६६० र मध्यमको रु तीन हजार ८६० निर्धारण गरेको छ । कम्पनीले निर्धारण गरेको मूल्यभन्दा रु ५०० देखि ६०० सम्म सस्तो दरमा व्यापारीले धान खरिद गरिरहेका दंगीशरण गाउँपालिका–३ रावत गाउँकी किसान माइली चौधरीले बताइन् ।

उनले भनिन्, 'यस वर्ष धान प्रशस्त फलेको छ । खाद्यले उत्पादित धान कहिल्यै खरिद गर्दैन, घरमा भण्डारण गर्ने ठाउँ पनि छैन । तिहारको खर्च जुटाउन पनि गाह्रो भएकाले गाउँका व्यापारीलाई प्रतिक्वींटर रु तीन हजारका दरले बिक्री गरिरहेका छौं ।' उनले सरकारले प्रत्येक वर्ष महँगो मूल्यमा धान खरिद गर्छ भन्ने सुनेको बताउँदै अहिलेसम्म यहाँ कोहीपनि किसानले सो मूल्यमा धान बिक्री नगरेका दाबी गरिन् ।

स्थानीय सरकाले चासो नदिँदा आफूहरूले व्यापारीलाई सस्तो मूल्यमा धान बेच्न बाध्य भएको सोही गाउँका नवीन अधिकारीले बताए । 'अर्नब चक्रवताका कारण आफूसहित गाउँका धेरै किसानले बिहीबार रातभरि थ्रेसर उपकरणको प्रयोग गरी धान तयार गरेर खेतबाटै प्रतिक्विन्टल रु तीन हजार १०० का दरले स्थानीय व्यापारीलाई बिक्री गरिहेका छन्', उनले भने, 'वर्षभरिको मिहिनेतलाई किसानले घाटा खाएर बेच्न बाध्य भएका छौं ।'

> खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्ष मोटा धानको मूल्य प्रतिक्वीन्टल रु तीन हजार ६६० र मध्यमको रु तीन हजार ८६० निर्धारण गरेको छ ।

अधिकांश मध्यम र निम्नस्तरका किसानले भर्खरै भित्र्याइएको धान बिक्री गरेर चाडपर्व मनाउने खर्च जुटाउन सस्तोमा बिक्री गरिरहेका अधिकारीको भनाइ छ । सरकारले धानको समर्थन मूल्य तोके पनि व्यापारीले आफू खुसी मूल्य राखेकाले किसान मर्कामा परेका उनले बताए । उनका अनुसार दाङको देउखुरीमा क्षेत्रमा भने अधिकांश किसानले दसैंअगाडि नै घरमा धान भित्र्याइसकेका छन् । दाङ उपत्यकाका केही किसानले अहिले धान भित्र्याइरहेका छन् भने केहीले काटेर राखेका छन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तुलसीपुरका निमित्त प्रमुख शक्तिराम डाँगीले केन्द्रबाट धानको मूल्य निर्धारण भए पनि खरिद कोटा अहिलेसम्म नतोकिएको बताए । केन्द्रबाट कोटा निर्धारण भएको पत्र आउनेबित्तिकै खरिद सुरु गर्ने उनले जानकारी दिए । उनले गतवर्ष देउखुरी क्षेत्रका तीन स्थानीय तहको समन्वयमा धान खरिद गरिएको बताए । निमित्त प्रमुख डाँगीले कोटा थौरै निर्धारण हुँदा सबै पालिकामा पुग्न नसकिने बताए । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा कुल ७४ हजार ३३६ हेक्टर खेतीयोग्य जमिन रहेकामा ३७ हजार २२५ हेक्टर क्षेत्रमा धानखेती गरिएको छ ।

यसैबीच बंगालको खाडीमा विकसित अर्नब चक्रवातका कारण जिल्लाको मौसम प्रतिकूल देखिएपछि यहाँका किसानले खेतमा काटेर राखेको धान नोक्सान हुन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । केही दिनदेखि किसानले धान काट्ने, बोकेर सुरक्षित ठाउँमा राख्ने गरे पनि सबै ठाउँमा भने यो काम सम्पन्न भएको छैन । हिजो बिहानैदेखि जिल्ला निरन्तर पानी परिरहेको छ । *रासस*

पोखरा र थाइल्याण्डका व्यवसायीबीच लगानी विस्तारका लागि छलफल

■ प्रभाव संवाददाता

कास्की– पोखरा र थाइल्यान्डका उद्योगी व्यवसायीबीच व्यावसायिक साझेदारी विस्तार, द्विपक्षीय लगानी वृद्धि तथा पर्यटन, सूचना प्रविधि र व्यापारका क्षेत्रमा सहकार्यका बारेमा छलफल भएको छ ।

थाइल्यान्डको उद्योग मन्त्रालयका सल्लाहकार दीपेन्द्र देसार नेतृत्वको प्रतिनिधिमण्डल र पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीबीच बिहीबार भएको छलफल तथा अन्तर्क्रियामा द्विपक्षीय सहकार्य गरेर अघि बढ्ने सहमति भएको हो ।

थाइल्यान्डमा लामो समयदेखि बस्दै आएका नेपालीमूलका देसार सूचना प्रविधि, पर्यटन तथा आयात-निर्यात व्यवसायमा संलग्न छन् । उनले पोखराका उद्योगी व्यवसायीलाई थाइल्यान्डको बजारसम्म पुग्न सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमले थाइल्यान्डका साना तथा मझौला व्यवसायका उत्पादन नेपाली बजारमा भित्र्याउने र नेपाली उत्पादनलाई थाइल्यान्डमा थप बजार उपलब्ध गराउने विषयमा सहकार्य गर्न सकिने बताए ।

नेपालबाट थाइल्यान्डमा गलैंचा, मासु, स्टेसनरी सामग्रीलगायतका वस्तु निर्यात हुँदै आएको उल्लेख गर्दै उनले नेपाली उत्पादनको निर्यात बढाउन गुणस्तर अभिवृद्धिमा सहयोग गर्न थाइ प्रतिनिधिमण्डलसँग आग्रह गरे ।

'बौद्धमार्गी थाइल्यान्ड र बुद्धको जन्मभूमि नेपालबीच पर्यटन आदानप्रदान विस्तारको ठूलो सम्भावना छ । यहाँका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक सम्पदालाई थाइल्यान्डको पर्यटन बजारसँग जोड्न सके दुवै देश लाभान्वित हुनसक्छ', अध्यक्ष गौतमले भने ।

अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वारका रूपमा रहेको पोखरा र आसपासका क्षेत्रमा अन्तरराष्ट्रिय होटलका चेनहरू स्थापित भइसकेको उल्लेख गर्दै अध्यक्ष गौतमले थाइ व्यवसायीलाई यहाँ होटल तथा रेस्टुरेन्ट सञ्चालन गर्न र पर्यटन क्षेत्रमा लगानी गर्न संघले सहजीकरण गर्ने बताए ।

छलफलका क्रममा थाइ प्रतिनिधिमण्डलले दुवै देशका व्यवसायीलाई सहभागी गराएर बिजनेस एक्सपो आयोजना गर्ने प्रस्ताव गरेको थियो । प्रस्तावप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै अध्यक्ष गौतमले पोखरा उद्योग वाणिज्य संघ यस्तो कार्यक्रम आयोजना गर्न इच्छुक र सक्षम रहेको बताए ।

कार्यक्रममा थाइल्यान्डको उद्योग मन्त्रालयका सल्लाहकार देसारले आफ्नो भ्रमणको उद्देश्य दुई देशका व्यवसायीबीच दीर्घकालीन सम्बन्ध स्थापना गर्नु रहेको बताए । उनले थाइल्यान्ड सरकारको उद्योग मन्त्रालयका सल्लाहकारका रूपमा नेपाली उत्पादनलाई थाइल्यान्डको बजारसम्म पुऱ्याउन सहजीकरण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

'हामी पर्यटन र सेवा क्षेत्रमा पनि सहकार्य गर्न सक्छौं । थाइ लगानी नेपाल भित्र्याउन सहजीकरण गर्नुका साथै थाइ उत्पादन नेपाल आयात गर्ने व्यवसायीलाई पनि सहयोग गर्न तयार छौं', उनले भने ।

अन्तर्क्रियामा संघका पदाधिकारी तथा सदस्यहरूले दुई देशबीच व्यावसायिक साझेदारी विस्तार गर्न सकिने क्षेत्र, लगानीका अवसर र सहकार्यका सम्भावनाबारे आगामी दिनमा समेत छलफल र सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए ।

वर्षाले पर्यटकीय गतिविधि प्रभावित

गण्डकी – प्रतिकूल मौसमका कारण पोखरासहितका क्षेत्रमा पर्यटकीय गतिविधि प्रभावित बनेको छ । दसैंलगत्तै यहाँका विभिन्न गन्तव्यमा पर्यटक बढेकामा शुक्रबारदेखि भएको वर्षा र हिमपातले चहलपहल घटेको हो ।

मुख्य पर्यटकीय याम चलिरहेका बेला मौसमले चुनौती थपेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले बताए । 'यो पदयात्राका लाग उत्तम याम हो, तर यही बेला मौसम प्रतिकूल हुँदा पर्यटनमा असर पुगेको छ', उनले भने, 'कतिपय पर्यटकले मौसमकै कारण यात्रा रद्ध गरेका छन् ।'

जोखिमको अवस्था मूल्याङ्कन गरेर निश्चित क्षेत्रमा मात्र पदयात्रामा रोक लगाउनुपर्ने आचार्यको भनाइ छ । वर्षा हुँदासाथ सबै ठाउँमा एकसाथ पदयात्राका गतिविधि रोकिँदा नेपालका पदमार्गहरू असुरक्षित छन् भन्ने सन्देश जाने उनले बताए ।

'सम्भावित जोखिमलाई दृष्टिगत गरी स्थानीय प्रशासनलगायत सम्बद्ध निकायले केही दिनअघि पदयात्रामा नजान पर्यटकलाई सार्वजनिक रूपमा सूचित गरेका थिए । खुलेको मौसममा हिमाल र डाँडाकाँडा हेर्दै पदयात्रा गर्ने समयमा पर्यटकका लागि वर्षा बाधक बनेको छ । शरद्याममा पनि अहिले आकाश धुम्म छ । झरी परिरहेको छ । हिमाल र पाखापखेरु बादलले ढाकिएका छन्', उनले भने ।

यो याममा स्वच्छ र शान्त वातावरणमा हिमाली र पहाडी भेगको सौन्दर्य नियाल्न आन्तरिक तथा बाह्य पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रलगायत विभिन्न गन्तव्यको भ्रमणमा जाने गर्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रवीन कडरियाले मुख्य पर्यटकीय याममै मौसम बिग्रँदा पर्यटक आवागमन प्रभावित भएको बताए । 'मौसमका कारण केही दिनयता अन्नपूर्ण क्षेत्रमा पर्यटकीय गतिविधि सुस्त भएका छन्', उनले भने, 'मौसम खुल्नासाथ पर्यटकीय चहलपहल पुनः बढ्छ ।'

प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले यस क्षेत्र देशविदेशका पदयात्री पर्यटकमाझ लोकप्रिय गन्तव्य बनेको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ । सडक मार्ग हुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यमा पुग्न सकिन्छ । *रासस*

फूल आयातमा रोक लगाएपछि व्यावसायिक फूलखेतीमा किसानको आकर्षण बढ्दै

राँझा (बाँके)– भारतीय फूल आयतमा रोक लगाएसँगै बाँकेमा व्यावसायिक फूलखेतीमा किसानको आकर्षण बढ्दै गएको छ ।

नेपालगञ्ज, कोहलपुर, खजुरा र जानकी गाउँपालिकामा किसानले यो वर्ष व्यावसायिक फूल खेती गरेको फ्लोरी कल्चर एसोसिएसन नेपालकी केन्द्रीय सदस्य तथा नेपालगञ्जकी पुष्प व्यवसायी बिन्दु चर्तीमगरले बताइन् ।

नेपालगञ्ज उपमहानगरपालिका-२० निवासी विन्दुले व्यावसायिक फूलखेती गर्न थालेको करिव एक दशक भयो । अन्य समयको तुलनामा तिहारमा फूलको माग धान्नै नसकिने उनको अनुभव छ ।

जिल्लामा व्यावसायिक फूलखेती गर्ने किसानको संख्या वर्सेनि बढ्दै गएको छ । मौसमी बाहेक विवाहमा सजाउन, उपहार दिन, विभिन्न सभा तथा गोष्ठीलगायतमा फूलको प्रयोग बढेपछि फूलको माग बढेको उनले बताइन् । 'फूलसँग खेल्ने मेरो सानैदेखिको सौख थियो, जिल्लामा फूलको माग धेरै भएकाले मेरो आकर्षण बढ्यो', बिन्दुले भनिन्, 'यो व्यवसाय सुरु गर्दा कम लगानीले पुग्ने र बजार पनि राम्रो भएकाले सुरु गरेँ, आम्दानी सन्तोषजनक छ ।'

विन्दुले १० क√ा क्षेत्रफलबाट सुरु गरेको फूलखेती हाल दुई बिघा क्षेत्रफलमा फैलिएको छ । सयपत्रीअन्तर्गत टेनिस बल, कलकत्ते र ग्ल्याडोलस जातका फूल लगाएको चर्तिमगरले बताइन् । स्वेदशी उत्पादनलाई प्रोत्साहन गर्न भारतबाट आउने प्लास्टिकका फूल तथा मालालाई बन्देज लगाउनुपर्ने उनको भनाइ छ ।

नेपालगञ्जका तीन युवा सुभाषजंग शाह, कीर्तीराज दीक्षित र सुशीलकुमार मौर्यले बाँकेको नरैनापुर गाउँपालिका-५ मटेहियामा दुई बिघा क्षेत्रफलमा यो वर्षदेखि सयपत्री फूलको व्यावसायिक खेती सुरु गरेका छन् । फरक-फरक पेशा तथा व्यवसायमा आबद्ध उनीहरूले सामूहिक रूपमा गरेको व्यावसायिक फूलखेतीमा अहिले सयपत्री फूल फुलेर ढकमक्क भएको छ । तिहारलाई लक्षित गरी उत्पादन गरिएको सयपत्री फूलको बिक्री सुरु भइसकेको सुभाषजंग शाहले बताए ।

'नेपालगञ्जमा फूलको मागलाई लक्षित गरी खेती सुरु गरेका हौं, चाँडै सहरका मुख्य चोकमा स्टल राखेर फूल तथा माला बिक्री गर्ने तयारी गरिरहेका छौं,' शाहले भने, 'फूल तयार भइसकेको छ, ग्राहकको सुविधाका लागि होम डेलिभरी सेवा पनि दिइरहेका छौं ।'

स्थानीयस्तर मै फूल उत्पादन गरी बजारमा बिक्री गर्ने प्रयासले तिहारमा बाहिरबाट आउने फूलको विकल्प तयार हुँदै गएको कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले बताइन् । *रासस*

सिँचाइका लागि विद्युत् सेवा विस्तार

सुनसरी– सुनसरीको देवानगञ्ज गाउँपालिकाले किसानलाई सिँचाइमा सहज पहुँच पुऱ्याउँदै कृषि उत्पादनको लागत घटाउने उद्देश्यले खेतखेतमा विद्युत् विस्तारको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ । नेपाल विद्युत् प्राधिकरण र गाउँपालिकाको साझेदारीमा करिब रु ३० करोडको लगानीमा सञ्चालन भइरहेको कृषि सिँचाइ विद्युतीकरण आयोजना सम्पन्न भएपछि किसानले विद्युतीय मोटरमार्फत कम खर्चमा सिँचाइ सुविधा उपयोग गर्न पाउने भएका छन् ।

देवानगञ्ज गाउँपालिका-६ का कृषक हिरा मेहताले तीन बिघाभन्दा बढी क्षेत्रफलमा धान खेती गर्दै आएका छन् । विगत चार वर्षदेखि धानको बीउवृद्धि गर्दै आएका उनले यसअघि डिजेल पम्पसेटबाट सिँचाइ गर्दा प्रतिघण्टा करिब रु ३०० खर्च हुने गरेको बताए । विद्युत्बाट सिँचाइ गर्दा प्रतिघण्टा रु ५० भन्दा कम खर्च हुने उनले जानकारी दिए । गाउँपालिका-२ का अर्को कृषक रमेश मेहताले आठ बिघा जमिनमा धान, मकै, गहुँ, तोरी र जुटलगायतका बाली लगाउँदै आएका छन् । डिजेल पम्पसेटबाट सिँचाइ गर्दा खर्च बढी लाग्ने र समयमै पानी लगाउन नसक्दा उत्पादनमा असर पर्ने गरेको उनले बताए ।

सिँचाइका लागि नियमित खर्च गर्नुपर्ने भएकाले खेतीको लागत बढ्ने गरेको उनको भनाइ छ । गाउँपालिकाले सञ्चालन गर्न लागेको कृषि विद्युतीकरण योजनाबाट किसानलाई राहत पुग्ने छ । आफ्नै पम्पसेट नभएका किसानले अरूको पम्पसेट प्रयोग गर्दा डिजेल खर्चबाहेक प्रतिघण्टा करिब रु २०० तिर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

किसानको सिँचाइ खर्च घटाउने लक्ष्यसहित गाउँपालिकाले खेतखेतमा विद्युत्का पोल र तार विस्तार गरी विद्युतीय मोटरबाट पानी तान्ने व्यवस्था मिलाउन कामलाई तीव्रता दिएको छ । गाउँपालिका अध्यक्ष बेचनप्रसाद मेहताका अनुसार आयोजना अन्तिम चरणमा पुगेको छ । बाँकी क्षेत्रमा विद्युत्का पोल गाड्ने र तार विस्तार गर्ने काम भइरहेको छ । आगामी मङ्सिरदेखि आयोजनाको औपचारिक शुभारम्भ गर्ने तयारी रहेको उनले बताए ।

गाउँपालिकाका सातवटै वडाका खेतीयोग्य क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको उनले जानकारी दिए । हाल वडा नम्बर ४, ६ र ७ मा विद्युतीकरणको काम भइरहेको छ भने अन्य क्षेत्रमा पनि काम अघि बढाइएको छ । आयोजना सम्पन्न भएपछि किसानले सिँचाइका लागि डिजेल पम्पसेटमा निर्भर हुनुपर्ने बाध्यता हट्ने उनको भनाइ छ । यसअघि गाउँपालिकाले सिँचाइका लागि किसानलाई विद्युतीय मोटर वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०८३/८४ मा एक हजार १६ वटा मोटर वितरण गरिएको छ भने अब करिब ५० वटा वितरण गर्न बाँकी रहेको अध्यक्ष मेहताले बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ